अनिल साह र भीम सार्कीको साझेदारीले क्लीन स्वीप पृष्ठ २ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २५ •अंक २५७ • २०८० साल फाल्गुन १ गते मंगलबार (13 Feburary, Tuesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।–

# मेयरसिंहमाथि सरकारी कागज किर्तेको मुद्दा दर्ता

## गृह मन्त्रालयको टोली फिर्ता, जन्मदर्ता बनाएको स्वीकार्न रायमाथि दबाब

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले सरकारी कागज किर्ते गरेको अर्को मुद्दा सोमवार दर्ता भएको छ।

नक्कली बुबा बनेर एकजना किशोरीलाई वंशजको आधारमा नागरिकता दिलाएको अभियोगमा छानबिनमा रहेका मेयर सिंहमाथि जिल्ला प्रहरी कर्यालय पर्सामा सरकारी कागजात किर्ते गरेको प्रमाणसहित जाहेरी दर्ता भएको छ।

उनले नागरिकता बनाएकी छोरीको आमाको खोजी हुन थालेपछि शनिवार गृहमन्त्रालयका अनुसन्धान अधिकारीहरु समक्षको वयानमा दोस्रो श्रीमती समेत रहेको स्वीकारेका थिए । उनले श्रीमती स्वीकार गरेकी रिता भट्टराईले २४ घण्टा नबित्दै अशं र सम्बन्ध विच्छेदको मुद्दा जिल्ला अदालत पर्सामा दर्ता गरेकी छिन्।

मेयर सिंहले श्रीमती स्वीकार गरे तत्काल सम्बन्ध विच्छेदको मुद्दा दिनुपर्ने छोरा र जेठी श्रीमतीले सहमति गरेको बताइएको छ। अदालतमा अंश र सम्बन्ध विच्छेदको मुद्दा दर्ता गरेकी भट्टराईले सहमतिमै मिलापत्र गर्ने बताइएको छ।

नागरिकताबाहेक युवतीकी आमा दाबी गर्ने रिता भट्टराईले छोरीको कागजातबाट स्वत आफू मेयरकै पत्नी भएको दाबी गर्दै जिल्ला अदालत पर्सामा छोडपत्र र अंश मुद्दा दर्ता गरेकी थिइन।

मेयर सिंहले बुबा बनेर नागरिकता दिलाएकी युवतीकी आमाले मेयर सिंहलाई जोगाउन अदालतमा पेश गरेको कागजात फर्जी रहेको भन्दै स्थानीय लियाकत अलिले जिल्ला प्रशासन कार्यालयमा जाहेरी दर्ता गरेका छन्।

मेयर सिंहको किर्ते नागरिकता प्रकरणमा हुन सक्ने सजायबाट जोगाउन भट्टराईले जिल्ला अदालतमा अंश र सम्बन्ध विच्छेदको मुद्दा दर्ता गरिएको बताइएको छ। भट्टराई पनि श्रीमती भएको मेयर सिंहले अनुसन्धान अधिकारीहरु समक्ष मात्र स्वीकार गरेका छन् । मेयरले श्रीमती स्वीकार गरेको वयान सार्वजनिक भएको २४ घण्टा नबित्दै भट्टराईले सहमतिमै अदालतमा मुद्दा दर्ता गरेकी छन्। तर मुद्दामा भट्टराईले संलग्न गरेकी छोरीको जन्मदर्ता किर्ते गरिएको प्रमाणसहित प्रहरीमा जाहेरी परेको छ।

> तत्कालिन सचिव रायलाई जन्मदर्ता प्रमाण पत्र सक्कली रहेको र त्यो बनाएको स्वीकार गर्न मेयर सिंहले अनेक माध्यमबाट दवावदिदै र प्रभावमा पार्ने प्रयास गरिरहेको बताइएको छ । रायका घर वरिपरि मेयर सिंहका निकटका युवाहरुको गतिविधि बढेको स्थानीय बासिन्दाहरुले बताएका छन् ।

'रुवीना श्रेष्ठ नाम गरेकी युवतीको नागरिकता बनाउनका लागि मेयर राजेशमान सिंहले साक्षी किनारा बसेर पेश गरेको सरकारी कागजात फर्जी छ,' जाहेरीमा अलिले भनेका छन्, रुवीना श्रेष्ठको किर्ते जन्मदर्ता बनाई नागरिकता र राहदानी बनाइएको छ।'

विपक्षीले झुटा विवरण पेश गरी किर्ते तवरले जन्मदर्ता प्रमाण सिर्जना गरी सोही जन्म दर्ता प्रमाण सरकारी अड्डा, जिल्ला प्रशासन कार्यालय पर्सामा पेश गरी विपक्षी राजेशमान सिंह तथा रुवीना श्रेष्ठले नेपाली नागरिकता प्रमाणपत्र तथा राहदानी दिलाउने र लिने कार्य गरेकोले मुलुकी अपराध संहिता २०७४ (लिखत सम्बन्धी कसुर) को दफा बमोजिम विपक्षीहरूलाई अविलम्व पक्राउ गरी हदै सम्मको दण्ड सजाय गरी पाउन दर्ता गरिएको जाहेरीमा माग गरिएको छ।

मेयर राजेशमान सिंह, उनकी कान्छी श्रीमती दाबी गर्ने रिता भट्टराई , भट्टराईकी छोरी रुवीना र तत्कालीन वीरगञ्ज उपमहानगर पालिका ३ का वडा सचिव भिखारी रायलाई अलीले विपक्षी बनाएका छन्।

तर, सो प्रमाण पत्र जारी गर्ने वडा कार्यालयले अदालतमा पेश भएको जन्मदर्ता लगायतको कागजात नक्कली भएको दाबी गरेको थियो।

सिंहले नक्कली कागजात मार्फत २०७१ कात्तिक २० गते तत्कालीन वीरगञ्ज उपमहानगरपालिकाको कार्यालयबाट जन्म दर्ताको प्रमाण पत्र बनाएका थिए। सोही विवरणका आधारमा उनले विद्यालयका कागजातदेखि नागरिकता र पासपोर्ट समेत बनाइदिएका थिए।

तत्कालिन सचिव रायलाई जन्मदर्ता प्रमाण पत्र सक्कली रहेको र त्यो बनाएको स्वीकार गर्न मेयर सिंहले अनेक माध्यमबाट दवावदिदै र प्रभावमा पार्ने प्रयास गरिरहेको बताइएको छ । रायका घर वरिपरि मेयर सिंहका निकटका युवाहरुको गतिविधि बढेको स्थानीय बासिन्दाहरुले बताएका छन्।

तर रायले अनेक सञ्चार माध्यम मार्फत मेयर सिंहकी पत्नीले अदालतमा पेश गरेको जन्मदर्ता आफूले नबनाएको र त्यसमा रहेको हस्ताक्षर पनि आफ्नो नभएको वयान सार्वजनिक गरिसकेका छन्।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!

कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)

ब्रहमपुरी, जनकपुरधाम–९, धनुषा (नेपाल)

साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा



डा. हेमन्त कुमार साह

एन.एम.सी.नं. १५०४०

एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)

एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)

कन्सल्टेन्ट न्यूरोसर्जन

☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।

☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)




टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।

सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९









# दरबार हत्याकाण्डको छानबिन गर्न अध्यक्ष थापाको चुनौती




**टुडे समाचारदाता**

वीरगञ्ज । राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्ष कमल थापाले दरबार हत्याकाण्डबारे छानबिन गर्न प्रधानमन्त्रीलाई चुनौती दिएका छन् ।

राप्रपा नेपालको जिल्ला स्तरीय प्रशिक्षण कार्यक्रममा सहभागी हुन वीरगञ्ज आइपुगेका अध्यक्ष थापा आयोजित पत्रकार सम्मेलनमा बोल्दै निष्पक्ष छानबिन गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल(प्रचण्ड) लाई चुनौती दिए ।

दरबार हत्याकाण्डलाई लिएर राजपरिवारप्रति जनतामा धेरै भ्रम छर्ने काम भइरहेको उनको भनाइ छ । यो भ्रम बेलाबेलामा सबै दल आफ्नो स्वार्थ अनुसार गर्दै आइरहेको थापाले बताए ।

उनले भने,'त्यसकारण म प्रधानमन्त्रीलाई चुनौती दिँदै छु हिम्मत छ भने एक पटक स्वतन्त्र र निष्पक्ष उच्च न्यायिक छानबिन समिति गठन होस, त्यसपछि सबै विषय छर्लङ्ग हुन्छ ।'

दरबार हत्याकाण्डबारे 'अनर्गल' आरोप लगाउने काम भइरहेको उनले बताए । उनका अनुसार राजसंस्थाको पक्षमा जब-जब जनसमर्थन आउँछ, तबतब यस्ता भ्रम फैलाउने काम गरिन्छ ।

आफ्नो निहित स्वार्थ पूरा गर्नका लागि राजनीति दलहरूबाट राज संस्थालाई बदनाम गराउने काम भइरहेको टिप्पणी गर्दै राप्रपा नेपाल अध्यक्ष थापाले यो विषयलाई राजनीतिक स्वार्थको विषय बनाइनु उचित नरहेको बताए ।

त्यसकारण यो सबै समस्याको सधैंको समाधानका लागि उच्च न्यायिक छानबिन समितिको नै जरुरी रहेको उनको सुझाव छ । 'प्रधानमन्त्रीज्यूबाट यो काम भइदियो भने जनताको अगाडि पनि सत्यतथ्य आउँछ,' उनले भने । नत्रभने यही मुद्दा सधैं निकालेर पूर्व राजा ज्ञानेन्द्र शाहको परिवारलाई निशानामा राख्ने काम भइरहेको उनले बताए ।

# डलर देखाइ ठगी गर्ने फरार व्यक्ति पक्राउ

काठमाण्डु । डलर देखाइ रु नौ लाख ठगी गरी फरार रहेका एक व्यक्तिलाई प्रहरीले पक्राउ गरी आज सार्वजनिक गरेको छ ।

पक्राउपर्नेमासिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका-४ घर भई हाल बूढानीलकण्ठ नगरपालिका-५ टुसाल बस्ने २६ वर्षीय दिलकुमार लामा रहेको जिल्ला प्रहरी परिसर भक्तपुरका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक वसन्त पाठकले राससलाई जानकारी दिनुभयो । उहाँका अनुसार तेह्रथुमको म्याङ्लुङ नगरपालिका-९ घर भई हाल काठमाण्डु टेकु बस्ने ३२ वर्षीय गिरिराज लिम्बूलाई डलर देखाइ ठगी गरी फरार रहेका निज लामालाई आइतबार बूढानीलकण्ठ-५ टुसालबाट पक्राउ गरी सोमबार सार्वजनिक गरिएको हो ।

लिम्बूलाई ४० हजार डलर साट्ने प्रलोभनमा पारी गत कात्तिक २३ गते भक्तपुरको चाँगुनारायण नगरपालिका-७ मुहानेपोखरी बोलाइ रुमालको पोको दिइ रु नौ लाख लगी गएकामा रुमाल खोली हेर्दा उक्त रुमालमा कागज रहेको हुँदा ठगी भएको भनी पीडितले निवेदन दिएको प्रहरीले जनाएको छ । डलर देखाई ठगी गर्ने कार्यमा संलग्न अर्का व्यक्ति सिन्धुपाल्चोकको बाह्रबिसे-४ बस्ने वर्ष ३६ का अमृतकुमार लामालाई गत मङ्सिर २१ गते प्रहरीले पक्राउ गरिसकेको सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक पाठकले बताउनुभयो । रासस

# व्यक्तिगतभन्दा संस्थागत मुद्दति निक्षेपको ब्याज एक प्रतिशतले कम हुनुपर्ने

काठमाण्डु । नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्षको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा गरेको छ । मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत राष्ट्र बैंकले मुद्दति निक्षेपको ब्याजदर तथा ब्याजदर 'करिडोर' कार्यान्वयनमा नयाँ व्यवस्था गरेको छ ।

"ब्याजदर करिडोरलाई प्रभावकारी बनाउन २०८० फागुनदेखि स्थायी निक्षेप सुविधालाई कार्यान्वयनमा ल्याइनेछ", मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामा भनिएको छ, "संस्थागत मुद्दति निक्षेपको ब्याजदर निर्धारण गर्दा व्यक्तिगत मुद्दति निक्षेपमा प्रदान गर्ने ब्याजदरभन्दा एक प्रतिशत विन्दुले न्यून राखी तय गर्न पाउने व्यवस्था गरिने छ ।"

कृषि, साना, घरेलु तथा मझौला उद्यम व्यवसायमा प्रवाह भएको रु दुई करोडसम्मको कर्जालाई 'रेगुलेटरी रिटेल पोर्टफोलियो'मा गणना गर्न पाउने व्यवस्था गरिने राष्ट्र बैंकले जनाएको छ ।

अर्थतन्त्रको आन्तरिक एवं बाह्य स्थिति र परिदृश्य तथा पहिलो त्रैमासिक समीक्षाको क्रममा गरिएका नीतिगत व्यवस्थालाई दृष्टिगत गरी ब्याजदर करिडोरअन्तर्गतका दरलाई यथावत राखिएको छ । अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातसम्बन्धी व्यवस्थालाई यथावत राखिएको छ ।

अर्थ मन्त्रालयले चालू आवको बजेटको अर्धवार्षिक समीक्षा सार्वजनिक गरेको छ । आर्थिक सूचक सकारात्मक बन्दै गएको दाबी अर्थ मन्त्रालयले गरेको भए पनि चालू आवको आय र व्ययको अनुमान भने घटाइएको छ । रासस

# अनिल साह र भीम सार्कीको साझेदारीले क्लीन स्वीप



**टुडे समाचारदाता**

काठमाण्डु । दुई ब्याट्सम्यान अनिल साह र भीम सार्कीले शतक बनाउँदै कीर्तिमानी साझेदारी गरेपछि तेस्रो तथा अन्तिम एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा सोमबार नेपालले भ्रमणकारी टोली क्यानडालाई नौ विकेटको फराकिलो अन्तरले हराएको छ ।

जितसँगै नेपालले तीन खेलको शृंखला 'क्लिन स्विप' पनि गरेको छ । यसअघि शृंखलाको पहिलो खेलमा नेपालले क्यानडामाथि सात रनको रोमाञ्चक जित हासिल गरेको थियो । शृंखलाको दोस्रो खेलमा भने नेपालले क्यानडालाई चार विकेटले हराएको थियो ।

कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा सोमबार टस हारी ब्याटिङको निम्तो पाएको क्यानडाले आठ विकेट गुमाएर दुई सय ३२ रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको नेपालले ४४.३ ओभरमै केवल एक विकेट गुमाएर दुई सय ३४ रन बनाउँदै विजयलक्ष्य पार गर्‍यो ।

नेपालका लागि ओपनर ब्याट्सम्यान अनिल र तेस्रो नम्बरमा क्रिज समाल्न आएका भीमले कीर्तिमानी साझेदारी गरे । नेपालले केवल ४५ रनको कुल स्कोरमा पहिलो विकेट गुमाएको थियो । त्यसपछि अनिल र भीमले दोस्रो विकेटका लागि एक सय ८९ रनको साझेदारी गरे ।

एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा यो कुनै पनि विकेटका लागि सबैभन्दा ठूलो साझेदारी हो । सन् २०२३ को जुन १८ तारिखमा हरारेमा खेलिएको घरेलु टोली जिम्बाबेविरुद्धको खेलमा नेपालका लागि कुशल भुर्तेल र आसिफ शेखले एक सय ७१ रनको साझेदारी गरेका थिए । त्यो एकदिवसीय विश्वकपको अन्तिम चरणको छनोट खेल थियो ।

अनिलले अविजित एक सय १२ रन बनाए । उनले एक सय २४ बलको सामना गरी दुई छक्का र १२ चौका पनि हिर्काए । उनले छक्का हिर्काउँदै नेपाललाई विजयलक्ष्य पार गराएका थिए । भीमले पनि अविजित एक सय एक रन बनाए । उनले एक सय २९ बलमा एक छक्का र ११ चौका हिर्काए ।

आफ्नो खेलजीवनको २१औं एकदिवसीय अन्तर्राष्ट्रिय खेल खेलिरहेका २२ वर्षीय भीमले बनाएको यो पहिलो शतक हो । छैटौं एकदिवसीय अन्तर्राष्ट्रिय प्रतियोगिता खेलिरहेका २५ वर्षीय अनिलले बनाएको पनि यो पहिलो शतक हो ।

त्यसअघि नेपालका अर्का ओपनर ब्याट्सम्यान कुशल भुर्तेल १३ रन बनाउँदै आउट भएका थिए । उनले १४ बलको सामना गरी तीन चौका पनि हिर्काएका थिए । उनलाई क्यानडाका बलर डिल्लन हेलिगरले बोल्ड गरेका थिए । ४.५ ओभरमा उनी आउट हुँदा नेपालले ४५ रन बनाएको थियो ।

नेपालका दुई ब्याट्सम्यानले एउटै खलमा दुई शतक बनाएको यो पहिलो रेकर्ड हो ।

त्यसअघि पहिले ब्याटिङ गरेको क्यानडालाई मध्यम योगफलमा समेट्न नेपाली टोलीका बलर हेमन्त धामीले आफ्नो 'डेब्यू' खेलमै तीन विकेट लिएका थिए । उनले आठ ओभरमा ४९ रन खर्चिएका थिए । कुशल मल्लले पनि दुई विकेट हात पारेका थिए । ललित राजवंशी र आकाश चन्दले पनि एक-एक विकेट लिए ।

क्यानडाका लागि ओपनर ब्याट्सम्यान नवनित धालिवालले अर्धशतक बनाएका थिए । निखिल दत्तले पनि ४५ रनको योगदान गरे । कप्तान साद बिन जाफरले अविजित ३१ रन जोडे । उनले केवल १५ बलमा दुई छक्का र तीन चौका हिर्काए । साहिद अहमदजाई पाँच रनमा अविजित रहे । क्यानडाले अतिरिक्त रुपमा १४ रन पाएको थियो ।

क्यानडाको पहिलो विकेट हेमन्त धामीले लिएका थिए । उनले एकदिवसीय अन्तर्राष्ट्रिय प्रतियोगिताको आफ्नो 'डेब्यू' खेलमै विकेट लिएका हुन् । उनले यही खेलमार्फत सिनियर राष्ट्रिय टोलीबाट 'डेब्यू' गरेका हुन् ।

हेमन्तले क्यानडाका ओपनर ब्याट्सम्यान एरोन जोन्सनलाई चार रनको व्यक्तिगत स्कोरमा देव खनालद्वारा क्याच गराएका थिए । २.४ ओभरमा जोन्सन आउट हुँदा भ्रमणकारी टोली क्यानडाले सात रन बनाएको थियो ।

क्यानडाको दोस्रो विकेट आकाश चन्दले लिएका थिए । उनले क्यानडाका तेस्रो नम्बरका ब्याट्सम्यान श्रीमन्था विजयरत्नेलाई कप्तान रोहित पौडेलद्वारा क्याच गराएका थिए । पेभेलियन फर्किनुअघि विजयरत्नेले २८ बलमा दुई चौकाको मद्दतले २२ रन बनाएका थिए । १४औं ओभरको अन्तिम बलमा विजयरत्ने आउट हुँदा क्यानडाले ५५ रन बनाएको थियो ।

क्यानडाको तेस्रो विकेट कुशल मल्लले लिएका थिए । उनले क्यानडाका चौथोनम्बरका ब्याट्सम्यान निकोलस किर्तनलाई तीन रनको व्यक्तिगत स्कोरमा भीम सार्कीद्वारा क्याच गराएका थिए । १८.१ ओभरमा निकोलस किर्तन आउट हुँदा क्यानडाले ७४ रन बनाएको थियो ।

क्यानडाको चौथो विकेट ललित राजवंशीले लिएका थिए । उनले क्यानडाका ओपनर ब्याट्सम्यान नवनित धालिवाललाई ५० रनको व्यक्तिगत स्कोरमा आउट गरे । ललितले नवनितलाई आकाश चन्दद्वारा क्याच गराएका थिए । अर्धशतकीय पाली खेल्ने क्रममा नवनितले ८२ बलको सामना गरी पाँच चौका हिर्काएका थिए । २७औं ओभरको अन्तिम बलमा नवनित आउट हुँदा क्यानडाले एक सय एक रन बनाएको थियो ।

क्यानडाको पाँचौं विकेट कुशल मल्लले लिएका थिए । उनले क्यानडाका पाँचौं नम्बरका ब्याट्सम्यान हर्ष ठाकेरलाई २९ रनको व्यक्तिगत स्कोरमा आउट गरेका थिए । कुशल मल्लले हर्षलाई एलबीडब्लूको धरापमा पारेका थिए । जारी खेलमा कुशल मल्लले लिएको यो दोस्रो विकेट हो । पेभेलियन फर्किनुअघि हर्षले ५७ बलको सामना गरी दुई चौका हिर्काएका थिए । ३६.५ ओभरमा हर्ष आउट हुँदा क्यानडाले एक सय ३२ रन बनाएको थियो ।

क्यानडाको छैटौं विकेट हेमन्त धामीले लिएका थिए । उनले क्यानडाका विकेटकिपर ब्याट्सम्यान श्रेयष मोभालाई २५ रनको व्यक्तिगत स्कोरमा पेभेलियन फर्काएका थिए । हेमन्तले श्रेयषलाई कुशल भुर्तेलद्वारा क्याच गराएका थिए ।

आउट हुनुअघि श्रेयषले २९ बलमा एक चौका हिर्काएका थिए । सिनियर राष्ट्रिय टोलीबाट 'डेब्यू' खेल खेलिरहेका हेमन्तले लिएको यो दोस्रो विकेट हो । ४५.४ ओभरमा श्रेयष आउट हुँदा क्यानडाले एक सय ८६ रन बनाएको थियो ।

क्यानडाले निखिल दत्तका रुपमा आफ्नो सातौं विकेट गुमाएको थियो । पेभेलियन फर्किनुअघि उनले ६२ बलको सामना गरी एक छक्का र दुई चौकाको मद्दतले ४५ रन बनाएका थिए । उनी रन आउट भएर मैदानबाट बाहिरिएका थिए ।

निखिल रन लिन दौडिएका थिए । तर, त्यो बल नेपाली टोलीका फिल्डर भीम सार्कीको हातमा पुग्यो । त्यसपछि भीमले बल विकेटकिपर अनिल शाहलाई दिए । निखिलले रन पूरा गर्नुअघि नै अनिलले उनलाई रन आउट आउट गराएका थिए । ४७.५ ओभरमा निखिल आउट हुँदा क्यानडाले दुई सय १३ रन बनाएको थियो ।

क्यानडाको आठौं विकेट भने हेमन्त धामीले लिएका थिए । उनले क्यानडाका तल्लोक्रमका ब्याट्सम्यान डिल्लन हेलिगरलाई चार रनको व्यक्तिगत स्कोरमा आरिफ शेखद्वारा क्याच गराएका थिए । जारी खेलमा हेमन्तले लिएको यो तेस्रो विकेट हो । ४८.३ ओभरमा हेलिगर आउट हुँदा क्यानडाले दुई सय १८ रन बनाएको थियो ।

तेस्रो खेलमा नेपालका अनिल शाह म्यान अफ दी म्याच घोषित भए । नेपाली टोलीका कप्तान रोहित पौडेले म्यान अफ दी सिरिज घोषित भए । शृंखलाको पहिलो र दोस्रो खेल जिताउन उनले महत्वपूर्ण योगदान गरेका थिए ।

क्यानडाविरुद्धको शृंखलामा नेपालका चारजना खेलाडीले सिनियर राष्ट्रिय टोलीबाट 'डेब्यू' गरेका थिए । हेमन्त धामीले सोमबार खेलिएको तेस्रो खेलमा एकदिवसीय अन्तर्राष्ट्रिय प्रतियोगितामा 'डेब्यू' गरेका हुन् । उनले आफ्नो 'डेब्यू' खेलमै तीन विकेट लिए ।

यसअघि गत बिहीबार खेलिएको शृंखलाको पहिलो खेलमा दुई खेलाडी सूर्य तामाङ र रिजन ढकालले सिनियर टोलीबाट 'डेब्यू' गरेका थिए । शनिबार खेलिएको शृंखलाको दोस्रो खेलमा आकाश चन्दले सिनियर टोलीबाट 'डेब्यू' गरेका थिए । पहिलो र दोस्रो खेलमा 'डेब्यू' गर्ने चारैजना खेलाडीले एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा विकेट पनि लिए ।

नेपालमा घरेलु मैदानमा पहिलो एकदिवसीय अन्तर्राष्ट्रिय शृंखला जितेको हो ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख । |
| बृष | : धन वृद्धि सञ्चय । |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख । |
| कर्कट | : सुख समृद्धि हुने । |
| सिंह | : भ्रमण अवसर हुने । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : वाद विवादबाट बच्नु । |
| वृश्चिक | : पुरस्कार प्राप्त लाभ । |
| धनु | : नयाँ कार्य हुने । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : प्रतिभा सम्पन्नता । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



श्रीपञ्चमी अर्थात् वसन्तपञ्चमीको दिन मनाइने सरस्वती पूजाको लागि मलङ्गवाको जिल्ला विकास चोकमा सरस्वतीको मूर्तिमा मेसिनले रङ्ग लगाउँदै मूर्तिकार । यसवर्ष फागुन २ गते बुधवारका दिन वसन्तपञ्चमी परेको छ।
*तस्बिर : रासस*

# उपकुलपति नियुक्तिबारे शिक्षा समितिको ध्यानाकर्षण

काठमाण्डु । प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा प्रविधि समितिले त्रिभुवन विश्वविद्यालयको उपकुलपति छनोटका लागि सर्टलिष्ट (छोटो सूची) मा परेका विवादित व्यक्तिबारे पुनर्विचार गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र उपकुलपति सिफारिस समितिको ध्यानाकर्षण गराएको छ।

समितिको सोमबार सिंहदरबारमा बसेको बैठकले उपकुलपतिका लागि सर्टलिष्टमा परेका व्यक्तिबारे छलफल गर्दै बौद्धिक चोरी, भ्रष्टाचार मुद्दा लागेका र सूचना लुकाएको अभियोगमा जरिवाना पाएका पनि सर्टलिष्टमा परेकाले नियुक्तिको प्रक्रिया तत्काल रोक्नुपर्ने भनेपछि समितिले विवादित व्यक्तिबारे पुनर्विचार गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र उपकुलपति सिफारिस समितिलाई ध्यानाकर्षण गराउने निर्णय गरेको हो।

समिति सभापति भानुभक्त जोशीले छलफलमा उठेका विषयबारे पुनर्विचार गर्नका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र सिफारिस समितिलाई ध्यानाकर्षण गराइएको जानकारी दिनुभयो।

"अहिले उपकुलपति छनोट प्रक्रियामा परेकामध्ये केहीलाई बौद्धिक चोरी, भ्रष्टाचार, सूचना लुकाएकालगायत आरोप लागेकाले ती व्यक्तिका बारेमा विशेष ध्यान दिनका लागि मन्त्रालयको ध्यानाकर्षण गराउने निर्णय गरेका छौँ", उहाँले भन्नुभयो।

समितिले त्रिभुवन विश्वविद्यालयमा कार्यबाहक कुलपतिले विभिन्न निर्णय गरेको विषयबारे छानबिन गरी आवश्यक कारबाही गर्न पनि निर्देशन दिएको छ। सभापति जोशीले उपकुलपति नियुक्ति पारदर्शी बनाउन र नियुक्ति प्रक्रिया सामान्य जनताले अनुभूत गर्नेगरी गर्न उपकुलपति सिफारिस समितिलाई आग्रह गर्नुभयो । उहाँले विश्वविद्यालय उपकुलपति नियुक्तिबारे फरक-फरक मापदण्ड रहेको पाइएको भन्दै विश्वविद्यालय शिक्षा सुधारका लागि सबै गम्भीर हुनुपर्ने खाँचो औँल्याउनुभयो।

बैठकमा शिक्षाराज्यमन्त्री प्रमिला कुमारीले त्रिभुवन विश्वविद्यालय ऐन बमोजिम उपकुलपति छनोटका लागि सिफारिस समिति बनेको भन्दै उक्त समितिले आवश्यक प्रक्रिया र ऐन कानुनबमोजिम योग्य र सक्षम व्यक्ति सिफारिस गर्ने विश्वास व्यक्त गर्नुभयो।

शिक्षा मन्त्रालयका सचिव सुरेश अधिकारीले उपकुलपति छनोटको प्रक्रिया रद्द गर्न नमिल्ने भए पनि सर्टलिष्टमा परेका बौद्धिक चोरीको आरोप लागेका व्यक्तिका बारेमा सिफारिस समितिले आवश्यक छानबिन गर्ने विश्वास दिलाउनुभयो।

यसैबीच बैठकमा बोल्ने सांसदहरुले उपकुलपति छनोट प्रक्रियाको सर्टलिष्टमा रहेका व्यक्तिहरु बौद्धिक चोरीको आरोप लागेका, सूचना लुकाएको आरोपमा सूचना आयोगबाट जरिवाना पाएका र भ्रष्टाचार मुद्दा लागेका व्यक्तिहरू परेको भन्दै मन्त्रालय र समितिको ध्यानाकर्षण गराउनुभएको छ।

सांसद बद्रीप्रसाद पाण्डेले उपकुलपति छनोटका लागि अधिकतम विवेक प्रयोग गरिनुपर्ने भन्दै छनोट प्रक्रियाको दीर्घकालीन समाधानका लागि नीतिगत सुधार जरुरी भएको बताउनुभयो।

सांसद डा चन्द्रकान्त भण्डारीले विश्वविद्यालय सुधार गर्ने कार्ययोजना र सोचका आधारमाछनोटप्रक्रियालाईपारदर्शी बनाइनुपर्ने बताउनुभयो । सांसद विद्या भट्टराईले विश्वविद्यालयका कार्यबाहक कुलपतिले गरेका कानुन विपरीतका निर्णय भए रद्द गर्नुपर्ने धारणा राख्नुभयो।

सांसद सुमना श्रेष्ठले कार्यबाहक उपकुलपतिले क्षेत्राधिकार मिचेर काम गर्न नमिल्ने जिकिर गर्नुभयो। सांसद तोसिमा कार्कीले उपकुलपति छनोटका सर्टलिष्टमा परेकामध्ये केही बौद्धिक चोरीमा संलग्न रहेको पाइएको भन्दै उनीहरुलाई उक्त सूचीबाट हटाउन माग गर्नुभयो । सांसद डा कालुराम राईले विवादमा परेका व्यक्तिलाई सर्टलिष्टबाट हटाउन सिफारिस समितिलाई आग्रह गर्नुभयो।

सांसद रामप्रकाश चौधरीले उपकुलपति नियुक्ति मापदण्ड कडाइकासाथ लागू गरि नुपर्नेमा जोड दिनुभयो । सांसद ईश्वरी घर्तीले उच्च शिक्षा सुधारका लागि उपकुलपति योग्य र सक्षम व्यक्ति चयन गरिनुपर्ने बताउनुभयो।

# समाजकल्याण परिषद्का काममा लेखा समितिको प्रश्न

काठमाण्डु । समाजकल्याण परिषद्ले आफ्नो जिम्मेवारीअनुरुप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत भइरहेका कामको पर्याप्त नियमन र अनुगमन गर्न नसकेको भन्दै प्रतिनिधिसभा अन्तर्गतको सार्वजनिक लेखा समितिमा प्रश्न उठेको छ।



समितिले सोमबारको बैठकमा समाजकल्याण परिषद्मा आबद्ध भएका सम्पूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (एनजिओ र आइएनजिओ) ले गरेका खर्च, सोको उपलब्धि र सुधारबारे जानकारी गराउन महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्य तथा सचिव सुमनराज अर्याल, राजस्व सचिव रामप्रसाद घिमिरे, परिषद् बोर्डका पदाधिकारी लगायतलाई छलफलका लागि बोलाएको थियो।

छलफलका क्रममा समितिका अधिकांश सांसदले समाजकल्याण परिषद् मा एकपछि अर्को आर्थिक अनियमितता बाहिर आएको र परिषद्ले आफ् नो जिम्मेवारीअनुसार एनजिओ तथा आइएनजिओको प्रभावकारी नियमन अनुगमन गर्न नसकेको धारणा राख्नुभयो।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री आचार्यले समितिको आजको बैठकमा विद्यमान समाजकल्याण ऐनले यो निकायको कार्य सञ्चालनमा मन्त्रालयको भूमिका नखुलाएको उल्लेख जनाउँदै ऐनलाई तत्काल संशोधन गरी परिस्कृत बनाउन आवश्यक रहेको बताउनुभयो । साथै समाज कल्याण परिषद्का कामलाई कसरी थप प्रभावकारी बनाउन सकिन्छ भनेर अध्ययन गर्न कार्यदल नै गठन गरिएको उहाँले समितिलाई जानकारी गराउनुभयो।

"मन्त्रालयको वार्षिक बजेटभन्दा ठूलो रकम कुनै एउटा एनजिओ आइएनजिओले गरिरहेका छन्, यस्तो रकममध्ये अधिकांश रकम उनीहरुले प्रशासनिक खर्चमा लगाउने गरेका छन्", मन्त्री आचार्यले भन्नुभयो, "ठूलो रकम खर्च भएको देखिन्छ, तर काम देखिँदैन।"

मन्त्रालयका सचिव अर्यालले एनजिओ तथा आइएनजिओबाट हुने खर्चको ठूलो रकम सरकारी कोष र बजेट प्रणालीभन्दा बाहिरबाट भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "उनीहरुले गरेको खर्चको 'रिपोर्टिङ' अर्थ मन्त्रालयमा हुँदैन, खुद राष्ट्रिय ट्रान्सफर र भुक्तानी सन्तुलनमा पनि यो रकम देखिँदैन, संविधानले राष्ट्रिय आवश्यकताका आधारमा मात्रै सरकार र गैरसरकारी संस्थाको रकम खर्च गर्ने भनेको छ, तर अहिले कहाँ कसरी खर्च भइरहेको छ भन्ने यकिन लेखाजोखा हामीसँग छैन ।"राजस्व सचिव घिमिरेले राष्ट्रिय प्राथमिकता तथा आवश्यकताका आधारमा वैदेशिक विकास सहायता लिने र त्यसको कार्यान्वयनमा सम्बन्धित मन्त्रालय एवं स्थानीय निकाय जिम्मेवार हुनुपर्ने संवैधानिक तथा कानूनी व्यवस्था रहेको बताउनुभयो । अर्थ मन्त्रालयले हरेक वर्ष सार्वजनिक गर्ने विकास सहायता प्रतिवेदनले पनि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले बजेट प्रणाली (रातो किताब) र सरकारी कोषबाटभन्दा बाहिरबाट खर्च गर्ने प्रवृत्ति बढिरहेको औँल्याउने गरे पनि उक्त समस्या भने समाधान हुन नसकेको उहाँको भनाइ छ।

समितिको बैठकमा सांसद अर्जुननर सिंह केसी, डा अमरेशकुमार सिंह, मनिष झा, हरि ढकाल, राजेन्द्रकुमार केसीलगायतले समाजकल्याण परिषद्का काम लामो समयदेखि विवादमा रहेको र त्यहाँ आर्थिक अनियमितताको समेत प्रश्न बारम्बार उठिरहेकाले लेखा समितिले यो विषयमा गम्भीर अध्ययन तथा अनुसन्धान अघि बढाउन माग गर्नुभयो।

समितिको सोमबारको बैठकले समाजकल्याण परिषद्अन्तर्गत भइरहेका काम कारबाहीको थप जानकारी माग्ने र आर्थिक अनियमितासम्बन्धी उठेका प्रश्नको छानबिनका लागि पनि प्रक्रिया अगाडि बढाउने निर्णय गरेको छ। रासस

# प्राधिकरणसँग विद्युत् पोल उपयोग गरेबापत भाडा असुल्ने

दमक । दमक नगरपालिकाले नेपाल विद्युत प्राधिकरणसँग विद्युत् पोल र 'ट्रान्सफर्मर' राखेबापतको भाडा लिने भएको छ । प्राधिकरणले विद्युत् महसुलको बक्यौता असुल्न गर्न ताकेता गरेपछि नगरपालिकाल सो निर्णय गरेको हो। नगरपालिकाले नगरभित्र गाडिएका विद्युत् पोल र विद्युत् ट्रान्सफर्मर वापत प्राधिकरणसँग जग्गाको भाडाबापत हालसम्मकै भाडा असुल्ने निर्णय लिएको हो । नगरपालिकाको १३ औं नगरसभाले स्वीकृत गरेको दर रेटमा भाडाबापतको रकम असुल गर्ने निर्णय गरेको नगरपालिकाको बैठक व्यवस्थापन शाखाले जनाएको छ।

नगरपालिकाको गत माघ ९ मा बसेको कार्यपालिका बैठकमा नगरपालिकाको नाममा यसअघि जडान भएका कूल एक सय ७० विद्युत् मिटरमा उठेको महसुल वापतको बक्यौता रु छ करोड ९३ लाख ६१ हजार तिर्न विद्युत् प्राधिकरण दमक वितरण केन्द्रले गरेको पत्राचारबारे छलफलसमेत भएको जनाइएको छ।

नगर प्रमुख रामकुमार थापाले छलफलपछि कार्यपालिका बैठकले यसअघि नगरपालिकाले विभिन्न टोलमा जडान गर्न लगाएका सडक बत्तीबापतको विद्युत् महसुलका कारण नगरपालिकाका नाममा विद्युत् महसुलको बक्यौता देखिएको ठहर गरेको बताउनुभयो।

अब उप्रान्त कुनै पनि टोलमा नगरपालिकाका नाममा विद्युत् मिटर राख्न अनुमति वा सिफारिस नदिने र त्यसरी सडक बत्ती जडान तथा मर्मत एकपटकका लागि मात्रै नगरपालिकाले गर्ने र सोपछि भने सम्बन्धित टोल विकास संस्थाले आफैंले ब्यहोर्नर्ने गर्नुपर्ने गरी मात्रै सिफारिस दिने पनि बैठकले निर्णय लिएको उहाँले जानकारी दिनुभयो।

# स्वदेशमै अन्तर्राष्ट्रियस्तरको दन्त सेवा

मानिसलाई सुन्दर बनाउने मुख्य काम दाँतले पनि गर्दछ। बाहिरी अङ्ग भएकाले पनि पहिलो नजर मासिनको दाँतमा नै पर्ने गर्दछ । दाँत सफा, चट्ट मिलेको र हाँस्दा राम्रो देखियो भने मानिसको सुन्दरता झल्किन्छ । त्यही दाँत बाङ्गोटिङ्गो, मुख बाहिर निस्केको भयो भने मानिसको सुन्दरतामा पनि कमी आउँछ । हो, त्यही दाँत बनाउने र उपचारका लागि अहिले मानिसहरुले धेरै नै खर्च गर्ने गरेका छन् । अधिकांश व्यक्तिमा दाँतसम्बन्धी कुनै न कुनै समस्या हुने गरेको पाइएको छ । दाँतको हेरचाह राम्रोसँग नगर्दा समस्या हुने गरेको चिकित्सकले बताएका छन् । गुलियो, टाँसिने खानेकुरा जस्तै चाउचाउ, चकलेट, चिजबलजस्ता खानेकुरा खाँदा धेरै जसोको दाँतमा किरा लाग्ने गरेको छ।

बच्चा पनि धेरै गुलियो खानेकुरा खाँदा र दाँत नमाँझ्ने किराले खाने गरेको छ। वीर अस्पतालका दन्त रोग विभागका प्रमुख प्रा डा शैली प्रधानले अस्पतालमा दैनिक सयभन्दा बढी मानिसहरु दाँतको उपचारमा आउने गरेको बताउनुहुन्छ। उहाँका अनुसार तीमध्ये ७५ प्रतिशत दाँतका किरा लागेका बिरामी हुने गर्दछन् । "पहिले दाँतमा किरा लागेपछि फाल्ने गर्थे भने अहिले धेरै जसो दाँत बचाउनका लागि आउने गरेका छन्" उहाँले भन्नुभयो, "दैनिक दाँतका बिरामी बढिरहेकाले थेग्न सक्ने अवस्था छैन ।" अस्पतामला दन्त विभागअन्तर्गत दाँत भर्ने, सफा गर्ने, गिजा रोग, दाँत फाल्ने र शल्यक्रिया गरि पाँच शाखा रहेका छन्।

ती शाखामा दैनिक सय जना नयाँ दाँतका बिरामी आउने गर्दछन् । तीमध्ये दैनिक ५० जना बिरामीको दाँत भर्ने गरेको विभागका प्रमुख डा. प्रधानले बताउनुभयो । उहाँले दाँतमा किरा लाग्नुबाहेक मानिसहरु दाँत राम्रो देखाउनका लागि पनि अस्पतालमा आउने गरेको बताउनुभयो। उहाँका अनुसार बाङ्गोटिङ्गो दाँत मिलाउनका लागि मानिसहरु धेरै आउने गर्दछन। बच्चा तथा युवाको विग्रेको बाङ्गो दाँतलाई स्टिलको तारले बाँधेर दुई वर्षभित्र मिलाउन सकिने उहाँको भनाइ रहेको छ । दाँतको उपचार छ/छ महिना गर्नुपर्ने सुझाव चिकित्सकले दिनुहुन्छ।

**प्र. किराले खान थालेको कसरी थाहा पाउने ?**

- हाम्रो मुखमा सात सय प्रकारका सुक्ष्म जीवाणु रहेका हुन्छन्। खानेकुरा खाएर दाँत सफा गरेन, मुख स्वस्थ्य राखेन भने जीवाणुले खानासँग रियाक्सन प्रतिक्रियां गरेर एसिड निकाल्ने गर्दछ। त्यही एसिडले दाँत विस्तारै खाने गर्दछ । एसिडले विस्तारै दाँतको बाहिरको सेतो भाग (इनामेल) खाने गर्दछ । विस्तारै जीवाणुले इनामेलको भित्र रहेको डेन्टिङ (कम कडा भएको) पल्प (दाँतको नशा) सम्म पुग्यो भने दाँत दुख्ने गर्दछ । दाँत सुरुमा किराले खाएको थाहा पाउनका लागि गुलियो पदार्थ खादा दाँत सिरिङसरिङ गर्ने गर्दछ। अनि किराले अलि भित्र खाएको छ भने चिसो पानी खाँदा दाँत सिरिङ हुन्छ। अलि बढी नै दाँत किराले खान थाल्यो भने तातोपानी खाँदा दाँत सिरिङ हुने गर्दछ । तातो खादा दाँत सिरिङ गर्न थाल्यो भने दाँत धेरै नै दुख्न थालेको हुने विभागका प्रमुख डा. प्रधानले बताउनुहुन्छ।

त्यसपछि दाँतको जरादेखि नै उपचार आरसिटी (रुट क्यानल ट्रिटमेन्ट) गर्नुपर्दछ । मुखमा रहेका सुक्ष्म जीवाणु गिजाको वरिपरी लेउ बनाएर बस्ने गर्दछ । त्यसलाई सफा गर्न बिहान बेलुका नै राम्रोसँग दाँत माझ्ने गर्नुपर्दछ। खाना खाइसकेपछि विहान र बेलुका दुई मिनेटसम्म नरम ब्रसले कम्तिमा दुई मिनेटसम्म दाँत माझ्नुपर्दछ र हरेक पटक केही कुरा खाएपछि मुख कुल्ला गर्नुपर्ने सुझाव डा. प्रधानको रहेको छ। दाँत माझेन भने सुक्ष्म जीवाणु दाँतको वरिपरि जम्मा हुने गर्दछ।

त्यही सुक्ष्म जीवाणुले गर्दा पछि दाँतमा किरा लाग्ने गर्दछ । वरिष्ठ दन्त चिकित्सक प्रा डा प्रधानले मानिसलाई पटक-पटक खानेकुरा नखाने पनि सुझाव दिनुहुन्छ । "पटकपटक खायो भने खाना मुखमा रहिरहन्छ । यसले गर्दा मुखमा अम्लीय भइरहन्छ र दाँत किराले खाने गर्दछ," उहाँले भन्नुभयो, "छिनछिनमा खानेकुरा खाने मानिसमा दाँतको समस्या बढी हुने गर्दछ ।" उहाँका अनुसार चाउचाउ, चकलेट, चिजबलजस्ता गुलियो खानेकुरा दाँतको वरिपरी टाँसिएर बस्ने र तत्काल मुख सफा नगर्ने भएपछि जीब्रोमा सुक्ष्म जीवाणु हुने र त्यही जीवाणु दाँतमा बस्ने भएपछि दाँत किराले खाने गर्दछ।

**प्र. दाँत बचाउने उपाय के हुन सक्छ ?**

- उहाँले दाँतको उपचार अन्यभन्दा खर्चिलो र समय धेरै लाग्ने समेत बताउनुहुन्छ । नेपाल र भारतमा दाँतको सामान बाहिरबाट आउने भएकोले महङ्गो पर्ने भएकाले सर्वसाधारणले दाँतको उपचार गर्नका लागि समस्या हुने उहाँको भनाइ रहेको छ । उहाँले एक जना विरामीको सामान्य उपचार गर्दा कम्तिमा चार पाँच दिन लाग्ने र आरसिटी, दाँत बाध्नुपर्ने र नयाँ दाँत हाल्नुपर्ने भएपनि महिनौं बिरामी अस्पतालमा आउनुपर्ने बाध्यता रहेको छ। "दाँत उपचारको स्वास्थ्य बीमा पनि नगरेकाले अझै सर्वसाधारण दाँतको उपचारबाट बञ्चित रहेका छन", उहाँले भन्नुभयो, "सर्वसाधारणलाई दाँतको उपचारमा सेवा पुऱ्याउनका लागि स्वास्थ्य बिमामा आबद्ध गर्नुपर्दछ ।" पहिलेपहिले मानिसले दाँत किराले लागे भने फाल्ने गर्दथ्ये । तर अहिले मानिसहरुमा चेतना आएपछि दाँतको उपचार गरेर सकभर बचाउने गर्दछन्। अस्पतालका गिजा रोग विशेषज्ञ डा रञ्जिता श्रेष्ठ गोर्खालीले सकभर दाँत बचाउनुपर्ने सुझाव दिनुहुन्छ । उहाँले दाँत फाल्दा खानपिनमा फरक पर्ने भएकाले दाँत बचाउन सुझाव दिनुहुन्छ। "दाँतले राम्रोसँग खानेकुरा चपाएर खाएनौं भने हाम्रो स्वास्थ्यमा नै असर पर्ने गर्दछ", उहाँले भन्नुभयो, "त्यही भएर हामीले सकभर दाँत फाल्न हुँदैन ।" अस्पतालमा आउने दाँतका बिरामीमा दाँतसँगै गिजाबाट रगत आउने पनि समस्या देखिएको छ । सुरुसुरुमा ब्रस गर्दा गिँजाबाट रगत आउने गर्दछ । त्यसको उपचार नगरेपछि पछि स्याउ, गाजर, टोक्दा रगत आउने गर्दछ । त्यसलाई पनि उपचार नगर्दा गिँजामा छोयो कि रगत आउनेजस्ता समस्या देखिने गर्दछ । गिजाको रोग २५ वर्षपछि मानिसमा देखिने गरेको छ । दाँतका बिरामीलाई मधुमेह, मुटुको रोग, बिर्सने रोग (अल्जाइमर) रोग जस्ता थप रोग लाग्ने गर्दछन्।

**प्र. दाँत किराबाट बचाउने के गर्ने ?**

- दाँत रोग गुलियो खानेकुरा, दाँतमा टाँसिने खालका खानेकुरा चाउचाउ, चकलेट, चिजबलजस्ता खानेकुरा खाँदा लाग्ने गर्दछ । यस्तै चुरोट खाने मानिसलाई दाँत किराले धेरै खाने गरेको छ। चुरोट सूर्तीजन्य पदार्थ सेवन गर्नेलाई रोगसँग लड्ने क्षमता कम हुने गर्दछ र त्यस्ता मानिसको गिँजा दुख्ने तथा दाँत झर्ने समस्या हुने गरेको छ। बच्चाले दाँत नमाझ्ने धेरै किराले खाने गर्दछ। दाँत बचाउनका लागि खानेकुरा खाएपछि कुल्ला गर्ने, बिहान उठनासाथ दाँत माझ्ने गर्नुपर्दछ । खाना खाइसकेपछि दाँत माझ्दा किराले खाँदैन। बिहान खाना खाएपछि दुई तीन घण्टा केही खानु हुँदैन। राति सुत्दा अनिवार्य रुपमा दाँत माझ्नु पर्दछ। दिउँसो थुक धेरै आउने भएकाले थुकले सुक्ष्म जीवाणुलाई भित्र लैजान्छ । राति मुखबाट थुक कम आउने र त्यही थुक मुखमा रहिरहने भएकाले दाँतको वरिपरि सुक्ष्म जीवाणु फैलिने हुँदा सुत्नुअघि पनि दाँत माझ्नु आवश्यक रहेको उहाँको भनाइ छ। हरेक तीन/तीन महिना ब्रुस फेर्नुपर्दछ। कडा नभई नरम ब्रसले दाँत माझ्नु पर्दछ । कडा ब्रसले दाँत माझ्दा दाँतको इनामेललाई असर पुऱ्याउने गर्दछ । एकपटकमा ठूलो केराउको दाना जति पेस्ट राखेर माझ्न सकिन्छ। दाँत माझेपछि त्यही ब्रसले जिब्रो पनि सफा गर्नुपर्छ।

**अस्पतालमा ठाउँको अभाव**

वीर अस्पतालमा दाँतको उपचार गुणस्तरीय र राम्रो भएकाले उपचारका लागि बिरामीलाई पालो पाउन नै समस्या हुने गरेको छ । थोरै जनशक्ति र बिरामीको चापले गर्दा दाँतको उपचारका लागि पालो पाउन समस्या हुने गरेको विभागका प्रमुख डा. प्रधानले बताउनुभयो । अन्य भन्दा वीर अस्पतालमा दाँतको उपचार ५० प्रतिशत सस्तो रहेको छ। "हाम्रोमा अन्य भन्दा गुणस्तरीय र सस्तो सेवा रहेको," उहाँले भन्नुभयो, "त्यही भएर बिरामीको भीड हुने गर्दछ र पालो पाउन समस्या हुने गरेको छ ।" अहिले दन्त विभागमा चिकित्सकलाई पनि उपचार गर्नका लागि पर्याप्त मात्रामा बस्ने ठाउँको अभाव रहेको छ । दन्त अस्पताल बनाउने पर्दछ भनेर सम्भाव्यता अध्ययन भएको तर त्यो त्यतिकै भएको अस्पतालका दन्त विभागका प्रमुख प्राडा. प्रधान बताउनुहुन्छ । अस्पतालमा अहिले सात जनाले मास्टर एण्ड डेन्टल सर्जर ीस्नातकोत्तर अध्ययन गरिरहेका छन्।

**अन्तर्राष्ट्रियस्तर उपचार सेवा नेपालमै**

नेपालमा दाँतको उपचार अन्तर्राष्ट्रिय स्तरको हुने गरेको छ । अस्पतालका गिजा रोग विशेषज्ञ डा रन्जिता श्रेष्ठ गोर्खालीले विश्वमा नै नेपालमा दाँतका उपचारका लागि गुणस्तरीय सेवा भएको बताउनुभयो। उहाँका अनुसार नयाँ दाँत हाल्नेदेखि बिग्रेको दाँत बनाउनेसम्मको उपचार नेपालमा नै हुने गरेको छ । उहाँले डिजिटल स्क्यान गरेर कुन आकारको दाँत बनाउने भन्ने प्रविधि पनि अस्पतालमा रहेको बताउनुभयो । "विदेशमा गरिने सबै विशेषज्ञ सेवा हामीले यही नेपालमा नै दिने गरेका छौ," उहाँले भन्नुभयो, "दाँत उपचारका लागि कोही पनि विदेश जानु पदैन ।"

PLAN INTERNATIONAL

## गोदाम घर भाडामा लिनेबारे सूचना


**पुनः प्रकाशित मितिः २०८०।११।०१**
**रिफेरेन्स नं. ERO-008 /23-24**

प्लान इन्टरनेशनल नेपाल बालबालिकाको अधिकार र किशोरीहरुको समानता प्रबर्द्धन गर्ने एक अन्तराष्ट्रिय गैरसरकारी संस्था हो । प्लान इन्टरनेशनल नेपालले वि.स. २०३४ सालदेखि नेपालमा पिछडिएका बालबालिका, उनीहरुका परिवार र समुदायलाई स्वास्थ्य, शिक्षा, आर्थिक सुरक्षा र संरक्षणको अधिकारको पहुँच दिलाउन काम गर्दै आएको छ।

प्लान इन्टरनेशनल नेपाल, पूर्व क्षेत्रीय कार्यालय, जनकपुरका लागि राहतका सामग्री भण्डारण गर्न गोदाम घर आवश्यक भएकाले तल उल्लेखित विवरण अनुसार इच्छुक घर धनी तथा संघ संस्थाबाट आवेदन आव्हान गरिन्छ।

१. **भाडामा चाहिने घरको विवरण** :- २५०० देखि ३००० बर्गफिट क्षेत्रफल, दुईवटा कन्टेनर राख्न सकिने खाली जग्गा भएको, ठूलो ट्रक जान सक्ने, पानी, बिजुलीको ब्यवस्था भएको कम्पाउण्ड सहितको फराकिलो बाटोसँग जोडिएको घर वा गोदाम घर।
२. घर वा गोदाम घर बिसहारा चौकमा रहेको प्लान इन्टरनेशनल नेपालको कार्यालय वरिपरि, मुरली चौक, विश्वकर्मा चौक, क्याम्पस चौक वा जनकपुर एरीयाको मुख्य राजमार्गसंग जोडिएको क्षेत्रमा भएकोलाई प्राथामिकता दिइनेछ।
३. इच्छुक घर धनी तथा संघसंस्थाले आफ्नो घर जग्गाको विवरण खुलाई, कर सहित मासिक भाडा उल्लेख गरेको निवेदनसहित घर जग्गा धनी पूर्जा, घरको नक्सा, मालपोत तिरेको रसिद, नागरिक्ताको छाँयाप्रति संलग्न गरी सिलबन्दी आवेदन पेश गर्नु पर्ने छ।
४. यस अघि आवेदन गरी सक्नु भएकाले पुनः आवेदन गर्नु पर्ने छैन।
५. **आवेदन गर्ने स्थान र मिति** :- २०८० साल फाल्गुण ०७ गते [19 February 2024] ५ बजेसम्म निम्न स्थानमा आवेदन गर्न सकिने छ । तोकिएको समय भन्दा पछाडि बुझाइएका आवेदनलाइ समाबेश गरिने छैन।

**प्लान इन्टरनेशनल नेपाल**
**पूर्व क्षेत्रीय कार्यालय ,जनकपुर**
**बिसहारा चौक, जनकपुरधाम , धनुषा**
***बालबालिका र युवा व्यक्तिलाई सुरक्षित राख्न सक्छौ भनौ।***




**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

**सम्पादकीय**

# भ्रष्टाचार रोक्न सहकार्य आवश्यक

नेपालमा भ्रष्टाचार हुने क्रमलाई भंग गर्न सरोकारवला निकाय र तीन तहको सरकारबीच सहकार्य आवश्यक छ । भ्रष्टाचार नियन्त्रणका लागि देशमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र स्रोत भन्दा बढी सम्पत्तिलाई कारबाहीको दायरामा ल्याउन सम्पत्ति शुद्धीकरण, सीआईबी लगायतका निकायहरु सकृय छन् । यी निकायहरुले हरेक वर्ष साना ठूला गरी सयौ दोषीलाई कारवाहीको दायरामा ल्याउने गरेका छन् । सम्बन्धित निकायले अनुसन्धान गरी अदालत सम्म पुऱ्याउँदा न्यायिक निकायबाट दोषी र निर्दोष ठहर हुने प्रकृया छ । भ्रष्टाचार रोक्नका लागि सबै भन्दा प्रभावशाली निकाय अख्तियार नै हो । अख्तियारले भ्रष्टाचारलाई नियन्त्रण गर्न कारवाही भन्दा पनि सहकार्य गरेर त्यसलाई नियन्त्रण गर्ने सवालमा सकारात्मक देखिएको छ । वार्षिकोत्सवको अवसरमा अख्तियारका प्रमुख आयुक्त, आयुक्त र प्रादेशिक कार्यालयका प्रमुखहरुले सहकार्यमा जोड दिएका छन् । अख्तियारको स्थापना दिवसमा मधेश प्रदेश कार्यालयले आयोजना गरेको काममा दुईवटा महत्वपूर्ण विषय देखियो । भ्रष्टाचार न्यून गर्न हरेक कार्यमा अनुशासन आवश्यक छ । प्रदेश कार्यालयको कार्यक्रम निश्चित समयमा प्रारम्भ भएर निश्चित समयमा नै सम्पन्न भएको थियो । त्यसलाई सबै निकायले अनुशरण गर्नुपर्छ । अनावश्यक रुपमा कार्यक्रमलाई लम्ब्याउने र ढिला गर्ने प्रवृत्तिलाई त्याग्नु पर्छ । समयलाई मूल्यांकन गर्न सके आर्थिक लगायतका कयौं अनियमितताहरुमा व्यापक कमी आउनेछ । अख्तियारको कार्यक्रममा समयमै जाने र समयमै सम्पन्न गर्नेहरुले स्वयं आयोजक भएको कार्यक्रमहरुलाई पनि त्यसरी नै गर्न सक्नु पर्छ । भ्रष्टाचारलाई नियन्त्रण गर्ने भाषण दिएर नियन्त्रण हुँदैन् । त्यसलाई नियन्त्रण गर्न हरेक निकायले आफ्नै जिवनमा उतार्नुपर्छ । इमान्दारिता बजारमा बिक्री हुने विषय होइन् । त्यो जीवनपद्धति हो । हरेक कर्मचारीले आ-आफ्नो ठाउँबाट भ्रष्टाचार नगर्ने प्रण गरेकै दिन देशमा भ्रष्टाचार ९० प्रतिशत समाप्त हुनेछ । भ्रष्टाचारको रकम जनप्रतिनिधिले बढी लिने गरे पनि कर्मचारीको संलग्नता बिना सम्भव हुँदैन् । भ्रष्टाचार गर्न भइरहेको सहकार्यलाई तोड्दै भ्रष्टाचार निर्मुल गर्ने सहकार्य हुनुपर्छ । भ्रष्टाचार गरेको अभियोगमा कारवाही हुँदा कर्मचारी, जनप्रतिनिधि लगायत सार्वजनिक पद धारण गरेका व्यक्तिहरु निलम्बनमा पर्ने गरेका छन् । भ्रष्टाचारको सञ्जाल नै खडा भइसकेको अवस्थामा त्यसलाई भत्काउन सहकार्य आवश्यक छ । तीनै तहका सरकारले भ्रष्टाचार बिरोधी अभियानलाई प्रभावकारी बनाउँदा अख्तियारलाई कामगर्न पनि सहज हुनेछ । अख्यितारसितको सहकार्यले सबै निकायमा भ्रष्टाचारमा व्यापक कमी आउनेछ । भ्रष्टाचारमा लागेका प्रतिनिधि, कर्मचारी लगायतको विषयमा अख्तियारलाई जानकारी दिएर कारवाही गर्न सके सहकार्यको प्रभाव चाँडै परेको देखिनेछ ।

# फागुन एक र श्रमजीवि स्वप्नको स्मरण



**रोशन जनकपुरी**

बितेको महिना सर्वोच्च अदालतले जनयुद्ध दिवसको सरकारी बिदा खारेज गरेको फैसलाको विषयवस्तु पढी रहँदा मलाई जर्मनीमा सन् १९१८देखि १९३२सम्म चलेको वाइमर गणतन्त्रबारे एक जना अमेरिकी पत्रकार ई. माररले गरेको टिप्पणीको सम्झना भयो । उनले लेखेका थिए : "…..यस्तो गणतन्त्रको बारेमा के भन्नु, जस्ले आफ्नो कानूनको व्याख्या गर्ने आज्ञा राजतन्त्रवादी न्यायाधीशहरु र आफ्नो सरकार चलाउने आज्ञा पुरानो राजप्रतिको विश्वासपरायणतामा पालितपोषित पुराना जमानाका प्रशासकहरुलाई दिन्छ, र प्रतिक्रियावादी स्कूलका शिक्षक र प्राध्यापकहरुले नयाँ पुस्तालाई वर्तमानमा (प्राप्त) स्वतन्त्रतासंग घृणा गर्न तथा शान्दार भनिएको सामन्ती भूतकालसंग प्रेम गर्न सिकाइरहेको निष्क्रिय भई हेरीरहन्छ …..।

ती डेमोक्र्याटहरुलाई के भन्नु जस्ले वर्तमान राज्य(सत्ता)माथी हमला गर्ने भूतपूर्व राजाहरु र सामन्तहरुलाई धन र सुविधा दिएर मद्दत गर्छ, जस्ले भूतपूर्व सम्राटहरुको सम्पत्तिको कल्पित अधिकार हरुलाई मानेर सबैभन्दा धनी मानिस बनाई दिन्छ ?"

जर्मनीमा वाइमर गणतन्त्रमा कम्युनिस्टहरुको प्रभाव रोक्नको निम्ति सामाजिक प्रजातन्त्रवादी (सोसल डेमोक्र्याट)हरुले बुर्जूआवर्गका तथा पुराना सामन्तीकालका शासकहरु र पुराना फौजी अफीसरहरुसंग मिलेर मजदूरहरुको संगठित शक्ति र मजदूर आन्दोलनलाई ध्वस्त पारे, र प्रतिक्रियावादी शक्तिहरुलाई पालनपोषण गरेर हुर्काए । यस्तै पृष्ठभूमिमा जर्मनीमा फासिज्म विकसित भयो र नाजीवादको रुपमा कूख्यात तानाशाह एडोल्फ हिटलरको नेतृत्वमा सत्तासीन हुन सफल भयो ।

जनयुद्ध दिवसको बिदा खारेजी बारे सर्वोच्च अदालतको निर्णय राज्यले मान्नु पर्ने कानूनी बाध्यता छ, र यसबारे छुट्टै विश्लेषण गर्नु पर्ने हुन्छ । तर यस फैसलामा सर्वोच्च अदालतको विवेकको यान्त्रिकता भने अवश्य अभिव्यक्त हुन्छ ।सर्वोच्च अदालतको फैसलामा सम्विधानमा जनयुद्ध नलेखिएको, त्यसैले आफू यस शब्दबाट परिचित नरहेको भनिएको छ । के अदालत अनैतिहासिक अविवेकी हुनसक्छ ? होइन भने उसले आफ्नै दस्तावेज खोतलेको भए, त्यहाँ विगतमा माओवादीहरुले आफूहरु श्रमजीविवर्ग तथा उत्पीडित जनसमुदाय राज्यसत्ताको स्थापनाको निम्ति 'जनयुद्ध' लडी रहेको भनेर दिएका बयानका अनेकौं फाइलहरु पाउन सक्थ्यो । वर्तमान गणतन्त्र माओवादी र संसदीय लोकतन्त्रवादी दलहरु बीचको सम्झौताको परिणाम भएपनि, यस गणतान्त्रिक सम्विधानमा 'सशस्त्र संघर्ष' माओवादीहरुले गरेको दशवर्षे जनयुद्धको पर्यायवाची शब्दावलीको रुपमा प्रयोग भएकोऐतिहासिक सत्य हो भन्ने तथ्यबाट कस्ले इन्कार गर्न सक्छ ?

जनयुद्धकारीशक्ति तत्कालीन नेकपा(माओवादी) को ठूलो हिस्सा माओवादी केन्द्र अहिले गठबन्धन सरकारको नेतृत्व गरिरहेको छ । कम्युनिज्म, सर्वहारा श्रमजीविवर्गको राज्यसत्ता, जनगणतन्त्र वा जनताको गणतन्त्र आदि श्रमजीवि र उत्पीडित जनसमुदायको वर्चस्वको राज्यसत्ताका विचारहरु मन नपराउनेहरु, कथित (यान्त्रिक र चीसो) सम्विधानवादीहरु र स्वयं सर्वोच्च अदालतले 'सम्विधानमा सशस्त्र संघर्ष' लेखिएकोले जनयुद्ध बिदा खारेजीको फैसलालाई ठिक र सम्विधानसम्मत भनेर आत्मसन्तुष्टि लिन सक्छ । तर तत्कालीन राजतन्त्रको विरुद्ध तथा श्रमजीविवर्ग र उत्पीडित समुदायहरुको वर्चस्वको राज्यसत्ता निर्माणको निम्ति माओवादीहरुको नेतृत्वमा नेपाली जनताले दसवर्षे जनयुद्ध नगरेको भए नेपालमा वर्तमान गणतन्त्र स्थापनाको कल्पना गर्नपनि गाह्रो थियो । व्यक्तिगत् रुपमा त सम्भवतः जनयुद्ध दिवसको बिदा खारेज गर्ने ती न्यायाधीशले पनि यस तथ्यलाई इन्कार गर्दैनन् होला । जनताको जुन संघर्ष (जनयुद्ध)को बलमा वर्तमान गणतन्त्र स्थापित छ, त्यसै गणतन्त्रको सम्विधान मातहतको अदालतले त्यस संघर्षबाट अपरिचित हुन मिल्छ? तात्पर्य के हो भने वर्तमान सर्वोच्च अदालतको प्रवृत्तिसम्विधानका बुर्जूआ तात्पर्यसंग मात्र सहमत छ । यसले सम्झौतामा प्राप्त वर्तमान गणतन्त्रमा जनवादी तात्पर्यमात्र होइन, जनवादी राजनीतिक उद्देश्य र पक्षधरता कमजोर रहेको देखिन्छ । यसलाई जनवादी तात्पर्यमा बदल्न थप संघर्षको आवश्यकता छ ।

०६४सालमा राजतन्त्रले घुँडा टेकेपछि र गणतन्त्र स्थापनाको शुरुआतमा माओवादीहरु सबैभन्दा अघिल्लो पंक्तिमा थिए । उनिहरुले मजदूर, किसान लगायत श्रमजीविवर्ग तथा पुरानो राज्यसत्ताबाट ऐतिहासिक उपेक्षामा पारिएका मधेशी, मुस्लिम, आदिवासी जनजाति, दलित, महिला आदि उत्पीडित जनसमुदायको अधिकार र पहिचानलाई वृहत्तर परिप्रेक्ष्यमा बहसमा ल्याएर सबैमा आशाको सञ्चार गराइदिएका थिए । यसै कारण पहिलो सम्विधानसभामा माओवादीहरु सबैभन्दा ठूला राजनीतिक शक्तिको रुपमा निर्वाचित थिए । तर सडक र जनतामा माओवादी सबैभन्दा शक्तिशाली भएपनि प्राविधिकरुपमा अर्थात सम्विधानसभामा माओवादीहरु कूलसीटको आधा अर्थात ५०प्रतिशत मात्र थिए ; र आधामा पुरानो सत्ताको विरासत बोकेका संसदीय लोकतन्त्रवादी, संसदिय कम्युनिस्ट पार्टीहरु, दक्षिणपन्थी र पुरानो राजतन्त्रवादीहरु थिए । सम्विधान निर्माणको क्रममा निर्णयको निम्ति दुईतिहाई बहुमत चाहिन्थ्यो । यस्तोमा सरकार र सम्विधानको निम्तिपनि मध्यपन्थी र बुर्जूआ विचारका राजनीतिक दलहरुसंग सम्झौता गर्नु बाध्यता बन्न गयो । यस राजनीतिक सम्झौताको विशिष्ट परिस्थितिले नै नेपाली राजनीतिमा गठबन्धनको संस्कृतिको शुरुआत गऱ्यो । वर्तमानमा सत्तासुखका लालची राजनीतिज्ञहरुले यस गठबन्धनसंस्कृतिलाई लोकतन्त्रको सौन्दर्यको रुपमा व्याख्या गर्ने गरेको पाइन्छ । तर यथार्थमा यो कुरुप गठबन्धनको राजनीति नै हो जस्ले नेपाली राजनीतिमा जनवादी अधिनायकत्व वा जनवादी उद्देश्यहरुलाई उपेक्षित गर्दै लगेको छ । यसैकारण सत्ताको लालसामा जनवादीशक्तिहरु स्खलित हुँदै गैरहेका छन् र नवउदारवादी दलालपूँजीवादीहरु तथा राजतन्त्रवादी र संकीर्ण धार्मिक तत्व जस्ता नवफासीवादीहरु बलियो हुँदै गै रहेका छन् ।

पहिलो सम्विधानसभामा माओवादी र जनवादी तत्वहरु शक्तिशाली भएको तथा सडकमा जनवादी आन्दोलनहरु सक्रिय रहेकोले नै विदेशी साम्राज्यवादी र विस्तारवादीशक्तिहरुको प्रेरणामा देशी बर्जूआ र प्रतिक्रियावादी शक्तिहरुले यसलाई तुहाई दिए । जनवादी दृष्टिले यो नेपाली जनताको निम्ति ऐतिहासिक दुर्घटना थियो । यतिबेलासम्म माओवादीहरुभित्र पनि सम्झौतापरस्तता तथा सत्ताभोगी प्रवृत्ति भैसकेको थियो । यसैकारण माओवादीभित्र विभाजन भयो, जो हाल अनेकौं टुक्रामा परिणत भैसकेको छ । यी विभाजनहरुले माओवादीलाई सांगठनिकरुपमा कमजोर तुल्यायो र जनताको बीचपनि ऊप्रति उदासीनता बढदै गयो ।

यस्तै परिस्थितिको बीच बहालवाला सर्वोच्च अदालतका प्रधान न्यायाधीशको अध्यक्षतामा गठित अन्तरीम सरकारले दोस्रो सम्विधानसभाको निर्वाचन गरायो । जनतामा र सडकमा माओवादी जनयुद्धले विस्तार गरेको जनअपेक्षाहरुको प्रभाव रहेपनि दोस्रो सम्विधानसभामा माओवादीहरु तेस्रो स्थानमा झरे । यसपछि संसदीय राजनीतिमा सत्ताको प्रतिस्पर्द्धामा रहेको माओवादी केन्द्र हालसम्मपनि तेस्रो स्थानमा सीमित देखिन्छ । ०५२सालदेखि दशवर्षसम्म जनयुद्धको नेतृत्व गर्ने तत्कालीन नेकपा (माओवादी) विभाजित भएपछि ठूलो हिस्सा प्रचण्ड नेतृत्वको माओवादी केन्द्र हाल संसदीय राजनीतिमा जतिसुकै बल गरेपनि तेस्रो स्थानबाट माथी उक्लन सकेको छैन । पहिलो र दोस्रो स्थानमा एमाले र नेपाली काँग्रेसले कब्जा जमाएर बसेको छ ।

गणतन्त्रको स्थापनापछि राजनीति र राज्यसत्ताका सबै अंगहरु परिवर्तित भएर जनता र जनवादी उद्देश्य र हितप्रति समर्पित हुनु पर्थ्यो । तर सबै उल्टो भै रहेको छ । एउटा नक्कलीपना सबैतिर व्याप्त छ । सम्विधानले आफूलाई समाजवादोन्मुख संघीय लोकतान्त्रिक गणतन्त्र भनेपनि परिणाममा उल्टो छ ।मजदूर किसानका वर्गीय समावेशिता होस, जाति, क्षेत्र, लिंग र उत्पीडित समुदायको निम्ति समानुपातिक आरक्षणको व्यवस्था होस वा जनजीवनको निम्ति आधारभूत आवश्यकता गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य आदिको विषय होस, सबै क्षेत्रमा छद्मता देखिन्छ । विपन्न र उपेक्षित वर्गसम्म पुग्नुपर्ने अवसरहरु बाटोमै खुलेआम अपहरित हुँदैछन् । संसदमा सामिल राजनीतिक दलहरु धनिवर्गको सिन्डिकेट जस्ता देखिन्छन्, जस्ले जनताका प्रतिरोधी स्वरहरुलाई निरर्थकको लोकतान्त्रिक हल्लामा ओझेलमा पारीरहेका छन् । सम्पूर्ण राज्यसत्ता भित्री र बाहिरीरुपमा धनिवर्गको चाकरमा परिणत भए जस्तो देखिन्छ । अर्को अर्थमा सम्पूर्ण सत्ताराजनीति जनताको होइन, बजार र नाफाको रक्षकमा परिणत भइसकेको छ । यो माओवादी जनयुद्धको लक्ष्य र गणतन्त्रस्थापनाका बेला आम जनसमुदायले गरेको अपेक्षा विपरीत उल्टो यात्रा हो ।

निश्चय नै सर्वोच्च अदालतले, जनयुद्ध दिवसको बिदालाई खारेज गरेपनि र आफू जनयुद्धबाट परिचित नरहेको भनेपनि नेपाली जनताको सपनामा र चेतनामा जनयुद्ध सँधै जीवित रहने छ । नेपाली इतिहासमा यो यस्तो युगान्तकारी परिघटना हो, जब नेपाली जनताले सबै प्रकारको शोषणबाट मुक्त हुन र आफू अनुकूलको सत्ता निर्माण गर्नका निम्ति जनविरोधी सत्ता विरुद्ध सचेतरुपमा हतियार उठाएको थियो । जनताका ती सर्वोत्तम सन्तानहरु महान हुन्, जस्ले देशमा गणतन्त्र र श्रमजीविवर्गको राज्यसत्ता स्थापनाको निम्ति आफ्नो सर्वस्व बलिदान गरे । ती महान शहिदहरु र नेपाली जनताका महान संघर्षहरुलाई स्मरणमा जीवित राख्नु आवश्यक छ । यस्ले समाजको अग्रगामी यात्रामा प्रेरणा दिनेछ ।

२०५२साल फागुन १ गते माओवादीहरुले शुरु गरेको दीर्घकालीन जनयुद्धको लक्ष्य देशमा नयाँ जनवादी क्रान्ति थियो । सरल भाषा भन्नु पर्दा राजतन्त्रको समाप्ति, संघीय गणतन्त्र, समाजवादी लक्ष्यतिर अग्रसर जनवादी राज्यव्यवस्था (धमनिरपेक्षता, संघीय स्वायत्तता र आत्मनिर्णयको अधिकार, सबै संस्कृति-जाति-भाषा-क्षेत्र र पहिचानलाई समानरुपमा सम्मान र राज्यसत्तामा सहभागिता, श्रम संस्कृति, पुरुषवर्चस्वबाट मुक्त नारी, अर्थात समग्र शोषणहरुबाट मुक्तितिर अग्रसर राज्यव्यवस्सथा)को लक्ष्य बोकेर माओवादीहरु संघर्षमा उत्रेका थिए ।

उनीहरुले एकल शासकीय जातिको विरुदावली जस्तो लाग्ने नेपाली इतिहासको पुनर्मुल्याङ्कन र जनताको कोणबाट इतिहासको पुनर्लेखनको प्रस्ताव सारे । कम्युनिस्ट विचारको प्रवर्त्तक कार्ल मार्क्सको भनाई – इतिहासको निर्माता एकमात्र जनता हुन् –संग सहमति राख्दै उनिहरुले नेपालको इतिहासमा देशमा बस्ने सबै वर्ग, जाति, क्षेत्र, संस्कृति, पहिचान, लिङ्ग सबैको भूमिकाको खोजी र समावेशीकरणको प्रस्ताव सारे । एउटा केन्द्रिकृत निरंकुश राज्यसत्ताभित्र एकीकृत देखिएपनि भित्र-भित्रै जातीय, क्षेत्रीय, लैङ्गिक कारणहरुले विभक्त नेपालीसमाजलाई वास्तविक अर्थमा एकीकृत गर्न यी अन्तरविरोधहरुको पहिचान गरेर यसको समाधान गर्न नयाँजनवादी राज्य व्यवस्थाको प्रस्ताव अघि सारे । यो भनेकोभेदभावपूर्ण राज्यव्यवस्थासंग देशका सबै उत्पीडितवर्ग, जाति, क्षेत्र र लिङ्गको सहभागितामासंघर्ष र उनिहरुको हित अनुकूलको राज्यव्यवस्था निर्माण गर्नु थियो ।

माओवादीहरुले आफ्नो उद्देश्यपूर्तिको निम्ती तत्कालीन राज्यसत्ताको समानान्तर वैकल्पिक सत्ता र वैकल्पिक सेनाको निर्माणपनि गरे । उनिहरुले वैकल्पिक सत्तालाई संयुक्त क्रान्तिकारी जनपरिषद तथा वैकल्पिक सेनालाई जनमुक्ति सेना भने ।देशका प्रायः सबैतिर ग्रामीणक्षेत्रमा बलियो उपस्थिति देखाईरहेको माओवादी जनयुद्धमा गरीब, निम्न, र निम्नमध्यमवर्गीय किसानहरुको बहुलता थियो । फौजीसंघर्षका मोर्चाहरुमा समेत महिलाहरुले अग्रपंक्तिमा भूमिका निर्वाह गरेका थिए, र पार्टीपंक्तिमा समेत उनिहरुले सफलतापूर्वक नेतृत्व सम्हालीरहेका थिएभने वैचारिक बहसहरुमा समेत उनिहरु अग्रपंक्तिमा देखिन्थे । महिला जस्तै दलित समेतको भूमिकापनि उल्लेखनीय थियो । पहाड होस वा तराई मधेश, पारम्परिकरुपमा नेपालीसमाजमा अस्पृश्य मानिने र हमेशा बहिष्कृत र भेदभावमा पारिने वर्णवादी चेतनाको धज्जी उडेको थियो जनयुद्धमा ।

विश्वको समग्र इतिहासमा श्रम र श्रमिकवर्ग अधिकारको प्रश्नमा हमेशा वंचित रहँदै आएको छ । माओवादी जनयुद्धले यस ऐतिहासिक यथार्थलाई बदल्न खोजेको थियो । जनयुद्ध साँच्चिकै महान थियो, जहाँ मानिसहरु निजी स्वार्थभन्दापनि देश, जनता, समाजको प्रगतिको बारेमा हमेशा सोच्ने तथा जीवन समेत बलिदान गर्न पछि न पर्ने उत्सर्गको चरमोत्कर्षमा पुग्ने समुदायमा परिणत भइसकेका थिए ।

अफसोस ! जनयुद्धको नेतृत्व एउटा खास विन्दूमा, विचारको विकास, सही कार्यदिशा, र कार्यक्रम पहिल्याउन तथा ट्र्याक्टिसको प्रयोग गर्न नसकेर यो युगान्तकारी जनयुद्ध दसवर्षको निरन्तरतापछि पराजित इतिहासमा परिणत भैसकेकोछ ।शासकीय भाषामा भन्ने हो भने श्रमजीविवर्ग अहिलेपनि शासक बन्ने हैसियतमा पुगेको छैन, उसको अधिकार शासक छनौट गर्नसम्म मात्र हो ।

विचार गर्ने हो भने नेपाली समाजमा रुपान्तरणको यात्रा गणतन्त्र स्थापनाको शुरुआतकै अवस्था वरीपरी रुमल्लिँदै छ । यसले माओवादीहरुको वैचारिकता नयाँ जनवादी क्रान्तिको अधिकतम् कार्यभार बाँकी नै रहेको देखिन्छ । जतिबेला देशी विदेशी प्रतिक्रियावादीहरु, साम्राज्यवादी र विस्तारवादीशक्तिहरु नेपालमा मार्क्सवादी आन्दोलन र माओवादी जनयुद्धलाई बदनाम गर्न तथानाम भ्रमहरु सृजना गरिरहेका छन् ; माओवादीहरुले गरेको दशवर्षे जनयुद्धको उद्देश्य र कार्यभार र नेपाली जनताले दिएको शहादत र उनीहरुको संघर्ष बारे नयाँ पुस्ता सुसूचित हुनु आवश्यक छ ।

हुन त माओवादी आन्दोलन आफ्ना अगुआहरुको अनुभवहीनता तथा वैचारिक स्खलनको कारण अधुरै टुंगियो । तर समाजमा भेदभाव, श्रमशोषण, तथा जनविरोधी राजनीतिक ठगी कायम रहँदासम्म समाजमा आमूल परिवर्तनकारी विद्रोह र क्रान्ति समुद्री छाल झै पटक पटक दोहोरिइ रहने सम्भावना कायम नै रहन्छ । निश्चय नै सर्वोच्च अदालतले, जनयुद्ध दिवसको बिदालाई खारेज गरेपनि र आफू जनयुद्धबाट परिचित नरहेको भनेपनि नेपाली जनताको सपनामा र चेतनामा जनयुद्ध सँधै जीवित रहने छ । नेपाली इतिहासमा यो यस्तो युगान्तकारी परिघटना हो, जब नेपाली जनताले सबै प्रकारको शोषणबाट मुक्त हुन र आफू अनुकूलको सत्ता निर्माण गर्नका निम्ति जनविरोधी सत्ता विरुद्ध सचेतरुपमा हतियार उठाएको थियो । जनताका ती सर्वोत्तम सन्तानहरु महान हुन्, जस्ले देशमा गणतन्त्र र श्रमजीविवर्गको राज्यसत्ता स्थापनाको निम्ति आफ्नो सर्वस्व बलिदान गरे । ती महान शहिदहरु र नेपाली जनताका महान संघर्षहरुलाई स्मरणमा जीवित राख्नु आवश्यक छ । यस्ले समाजको अग्रगामी यात्रामा प्रेरणा दिनेछ ।

# नेपाली औषधि बजार र आर्थिक असरः अहिले ५० प्रतिशत औषधि कम्पनी बिक्रीमा छन्



**शंकर घिमिरे**

अहिलेको आर्थिक मन्दीले सबै क्षेत्रमा प्रभाव पारेको छ। औषधि बजारमा पनि त्यसको असर परेको छ। औषधि त कसैले पनि उधारो खाँदैनन्, बिरामीहरूले घर बन्दीकी राख्लान् तर औषधि उधारो लिँदैनन् भन्ने प्रश्न आउन सक्छ। वास्तमा यो कुरा साँचो पनि हो। तर बिरामीले उधारो नखाए पनि खुद्रा पसलदेखि स्टोर हुँदै उत्पादकसम्म आउँदा धेरै उधारोहरु बाँकी रहेको हुन्छ।

औषधि उद्योग र आर्थिक कारोबार (क्यास)को फरक बुझ्न सप्लाइ चेन बुझ्नुपर्छ। हामी औषधि बनाउँछौं। कति उद्योगको औषधि सुपर डिलरलाई जान्छ। सुपरडिलरले औषधि ठाउँठाउँका स्टकिस्टहरूमा दिन्छ। त्यसपछि बल्ल पसलमा गएर बिक्री गरिन्छ।

धेरै उद्योगको कुरा गर्दा प्रायःको स्टकिस्टले लिन्छ, स्टकिस्टबाट रिटेलरमा जान्छ। रिटेलरकहाँ ग्राहकले आएर किन्ने गर्छन्। तर औषधि क्षेत्रको प्रत्यक्ष ग्राहक बिरामी नभइ डाक्टर हुन्। डाक्टरले कुन औषधि प्रेस्काइब गर्छ बिरामीले त्यही अनुसार किन्ने हो। बिरामीले पसलबाट औषधि किन्दा उधारोमा जाँदैन। गाउँघरतिर कतै चिनेजानेको छ भने एकाध स्थानमा होला नत्र बिरामी वा बिरामी पक्षले औषधि नगदमा नै किन्छन्। तर आर्थिक मन्दीका कारण औषधि पसलले बिरामीबाट पाएको पैसा सबै होलसेलर वा स्टकिस्टलाई दिएको छैन। उनीहरुले अन्यत्र तिर्नुपर्ने स्थानमा रकम दिइरहेको वा खर्च गरिरहेको देखिन्छ। अब स्टकिस्टको पनि आफ्नै समस्या छ। जसका कारण सबै रकम कम्पनीमा आउन सकेको देखिँदैन। यहाँ ब्रेक लागेको छ।

विकसित देशहरूमा औषधि पसल नेपालमा जस्तो छ्याप्छ्याप्ती छैन। प्रणाली बलियो छ। यहाँचाहिँ औषधि पसल नै ३० हजार बढी छन्। यी मध्ये कति त दर्ता भएर सरकारी प्रणालीमा आएका पनि छैनन्। कति नविकरण पनि छैनन्। पसल धेरै हुँदा धेरै सामान धेरै तिर छिरिएको र त्यताबाट बिक्रि भएर पैसा नआएको अवस्था छ। यसका साथै पछिल्लो समय औषधिको कारोबार पनि कम नै छ।

अहिलेको स्थिति सोचेजस्तो छैन। ६०/६५ करोडभन्दा बढी लगानी गरेको हाम्रो एउटा कम्पनी बिक्री गर्नुपर्ने अवस्थामा छ। चलाउनै सकिएको छैन। खुला सिमाना र यति धेरै औषधि कम्पनी हुँदा अस्वस्थ प्रतिस्पर्धा पनि बढेको छ। हाम्रो मात्र होइन अहिले ५० प्रतिशत जति नेपाली कम्पनी बिक्रीमा छन्। कति साथीहरूले खोलेको फ्याक्ट्री हाल बेच्नुपर्दा लगानी गरेको ३० प्रतिशतमा भ्यालु गर्नुपर्ने भएको छ। त्यति हुँदा पनि कम्पनीहरु सजिलै बिक्री हुन सकेका छैनन् भन्ने गुनासो छ। एक अर्ब लगानी गरेर खोलिएको औषधि उद्योग ३० करोडमा बेच्यो भने के हुन्छ?

हामीले मार्जिनलाई नाफाको रुपमा बुझ्यौं र घरखेत बेचेर पनि उद्योग खोल्यौं। तर यहाँ बुझ्नुपर्ने कुरा के हो भने मार्जिन भनेको नाफा हैन। औषधि उद्योग भनेको हाइटेक उद्योग हो। हिजोको त्यो मेसिन थोत्रो हुन्छ भन्ने कुरा ख्याल गरिएन। रिसर्च एन्ड डेभलप्मेन्ट (आरएन्डी)मा विकास गर्नुपर्ने, उद्योगमा नयाँ प्रविधि भित्र्याउनुपर्नेमा खर्च राखिएन। सिधा नाफा लगेर बाँड्न थालियो। अनि उद्योग थोत्रो हुन थाल्यो, समयअनुसार अपग्रेड गर्न थप लगानी गर्न सकिएन। अनि कसरी लगानी गर्ने? ५०/६० प्रतिशत कम्पनीका लागनीकर्ताले फुट्टो पैसा पाएका छैनन्।

यहाँ अर्को बुझ्नु पर्ने विषय भनेको भ्यालु एडिसन पनि हो। यो विषय धेरैले बुझेको देखिँदैन। भ्यालु एडिसन भनेको सस्तोमा ल्याएर महंगोमा बनाएको होइन। त्यहाँको जनशक्तिले रोजगार गरेको, बैंकले लगानी गरेर ब्याज लिएको, सरकारलाई कर तिरेको, यहाँको प्रविधिले सिप सिकेको, अनुसन्धान गरेको, बजारको ढुवानी, भण्डारण लगायत सबै कुरा जोडिने विषय हो। तर यहाँ सरकारलेखि केही सञ्चारकर्मीले ६ रुपैयाँमा कच्चा पदार्थ किनेर ३० रुपैयाँमा औषधि बिक्री गर्यो र २४ रुपैयाँ नाफा गर्यो भनेर गलत बुझेको देखियो। वास्तवमा त्यो होइन। ६ रुपैयाँमा कच्चा पदार्थ किनेर नेपाली फर्मासिस्टले तलब पाउने, मार्केटिङको जनशक्तिले तलब पाउने, बैंकले ब्याज पाउने, सरकारले कर पाउने, उद्योगमा नयाँ प्रविधि ल्याउने, अनुसन्धान गर्ने सबै कुरा जोडेर ३० हुने हो। यदि हामीले यी सबै कुरा भएर तयार भएको औषधि ल्यायौं भने त ६ रुपैयाँको स्थानमा ३० रुपैयाँ नै बाहिर गयो। यहाँको रोजगारी गुम्यो। देशलाई थप आर्थिक क्षति भयो नि। जापानले आफ्नो देशमा फलाम नभएकाले विश्वभरीबाट केजीका केजी फलाम सस्तोमा किनेर महँगा गाडी बनाएर भ्यालु एड गरेर धनी भएको भन्ने हामीले पढ्ने गर्थ्यौं। त्यसकारण भ्यालु एडिसनका कुरा बुझ्न जरुरी छ। भ्यालु एडिसन हुने उद्योले मात्र देशको मुहार फेर्न सक्छ।

सरकारबाट पनि औषधि उद्योगीलाई भनेजस्तो आश छैन। सरकारले हामीलाई जसरी सहयोग गर्नुपर्ने थियो त्यो सहयोग गरेको छैन। बंगलादेशमा कुनै पनि उत्पादन दुई वटा कम्पनीले राम्रोसँग गरिरहेको छ भने त्यही उत्पादन बाहिर देशबाट ल्याउन रोक लगाएर उद्योगलाई सहयोग गरिरहेको देखिन्छ। एकैखालका उत्पादन धेरै कम्पनीबाट निकाल्न दिँदैनन्। तर यहाँ त एउटा प्रोडक्ट बनाउन सबै ८० वटा कम्पनीलाई पनि लाइसेन्स दिइएको छ। उदाहरणका लागि प्यान्टाप्राजोल बनाउने भनेर जो-जो आए पनि सबैलाई लाइसेन्स दिइन्छ। यसले पनि बजारमा अस्वस्थ प्रतिस्पर्धा बढाएको छ।

सरकारले पूर्ण सहयोग गरेर चलाएको उद्योग नेपाल औषधि लिमिटेडको हालतबाट नै बुझ्न सकिन्छ कि औषधि उद्योग र पीडा। जग्गा, जमिन, उपकरण तथा मेसिनरी सेटअप पूरा भएको उद्योगलाई दुई अर्ब सहयोग गर्दा पनि पारासिटामोल र जीवनजल बाहेक देशलाई केही उत्पादन गरेर दिन सकेको छैन। हामीले त्यही भनिरहेका छौं। २०६४ सालमा मूल्य निर्धारण गरेर सरकार मौन छ। समयसापेक्ष रुपमा मूल्य संशोधन गर्नबाट सरकार पन्छिएको छ। उसो त अहिले पारासिटामोलमा १ रुपैयाँबाट २ रुपैयाँ गर्न दिएको छैन। मूल्य बढाउन दिँदै दिँदैन। अहिले उद्योग घाटामा छन्। कच्चा पदार्थको मूल्य २० रुपैयाँ किलो हुँदा तय गरेका मूल्य अहिले १ सय २० पुगिसके। डलरको भाउ ६५ बाट १ सय ३० भन्दा बढी पुगेको छ। तर हामीले कच्चा पदार्थ केजीको २० रुपैयाँ र डलरको भाउ ६५ हुँदैकै मूल्यमा पारासिटामोल बनाएर बिक्री गर्नुपर्छ। यस्ता धेरै समस्याका कारण नेपाली औषधि बजारमा मन्दी छाएको हो। यसको समाधान तर्फ सरकार गम्भीर हुनैपर्छ। मूल्यबारे हरेक ६/६ महिनामा समीक्षा गर्नुपर्छ र उद्योगलाई न्याय गर्नुपर्छ।

*(घिमिरे नेपाल औषधि उत्पादक संघका पूर्व अध्यक्ष तथा एशियन फर्मास्युटिकल्स प्रालिका कार्यकारी संचालक हुन्।)*

# राष्ट्रपति पौडेलसमक्ष प्रधानमन्त्रीद्वारा प्रतिवेदन पेस

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष प्रधानमन्त्री तथा राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष पुष्पकमल दाहाल' प्रचण्ड'ले सोमबार राष्ट्रिय सुरक्षा परिषद्को वार्षिक प्रतिवेदन पेस गर्नुभएको छ ।

प्रतिवेदन बुझ्नेपछि राष्ट्रपति पौडेलले मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता, स्वतन्त्रता, अखण्डता, राष्ट्रिय सुरक्षालगायतका संवेदनशील कार्यमा राष्ट्रिय सुरक्षा परिषद् सधैँ चनाखो रही कार्यसम्पन्न गर्न दृढ रहनेमा आफू विश्वस्त रहेको बताउनुभयो ।

मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गर्दै राष्ट्रिय एकताको प्रवर्द्धन गर्न, विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गरी सङ्घीय एकाइबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्न, राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुव्यवस्था कायम गर्न एवं सर्वाङ्गीण मानवीय सुरक्षाको प्रत्याभूति कायम गर्न राष्ट्रिय सुरक्षा नीतिको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक रहेको उहाँले स्पष्ट पार्नुभयो ।

राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा २६६ को उपधारा (१) बमोजिम व्यवस्था भएको राष्ट्रिय सुरक्षा परिषद्ले मुलुकको राष्ट्रियता,सार्वभौमसत्ता,स्वतन्त्रता, अखण्डता, सुरक्षालगायतका संवेदनशील कार्यमा आफ्नो रणनीतिक दृष्टिकोणसहित ठोस सुझाव प्रस्तुत गरेकामा खुसी व्यक्त गर्नुभयो ।

नेपालको संविधानको धारा २६६ को उपधारा ३ मा राष्ट्रिय सुरक्षा परिषद्ले आफ्नो काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ । उक्त समारोहमा उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्का, उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, अर्थमन्त्री डा प्रकाशशरण महतलगायत परिषद् सदस्यहरूको उपस्थिति थियो । रासस

# संसदीय टोलीद्वारा चीन भ्रमणको प्रतिवेदन प्रधानमन्त्रीलाई हस्तान्तरण



काठमाण्डु । चीन भ्रमणमा गएको संसदीय टोलीले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई प्रतिवेदन हस्तान्तरण गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज नेकपा (माओवादी केन्द्र) का मुख्य सचेतक हितराज पाण्डेले नेतृत्व गरेको टोलीले प्रधानमन्त्री दाहाललाई प्रतिवेदन हस्तान्तरण गरेको हो ।

प्रतिवेदन बुझ्दै प्रधानमन्त्री दाहालले आगामी वर्षको नीति तथा कार्यक्रममा सुझावलाई समेट्ने प्रतिबद्धता जनाउनुभयो । "औपचारिक भ्रमणबाट तपाईंहरुले दिनुभएका सुझावलाई नीति तथा कार्यक्रममा समेट्ने प्रयास गर्नेछौँ," उहाँले भन्नुभयो "भ्रमणमा सिकेका कुरा नेपालमा पनि कार्यान्वयनमा लैजानुपर्छ भन्ने भ्रमण टोलीको सुझावप्रति सकारात्मक छु ।"

चीनको वाणिज्य मन्त्रालय अन्तर्गतको 'एकेडेमी फर इन्टरनेसनल बिजनेस अफिसियल्स (एआइबीओ)' को निमन्त्रणामा नेपाली सांसदको टोलीले गत पुस २ देखि १४ गतेसम्म चीनको भ्रमण गरेको थियो । 'नेपालका सांसदहरूका लागि कार्यशाला' कार्यक्रममा प्रतिनिधिसभाका १४, राष्ट्रियसभाका तीन र सङ्घीय संसद् सचिवालयका सचिव सुदर्शन खड्कासहित तीन अधिकृत सहभागी हुनुहुन्थ्यो । भ्रमण टोलीका नेता पाण्डेले लिखित प्रतिवेदन सभामुख, राष्ट्रियसभाका अध्यक्ष, सङ्घीय संसद् सचिवालय र नेपाल सरकारलाई बुझाएर कार्यान्वयनका लागि आग्रह गरिएको बताउनुभयो ।

"प्रतिवेदनमा नेपाल सरकारबाट कार्यान्वयन गरिनुपर्ने सुझावसमेत प्रस्तुत गरिएकाले हाम्रो भ्रमण टोलीको तर्फबाट उक्त सुझाव यथासम्भव कार्यान्वयनका लागि अनुरोध गर्दछौँ," उहाँले भन्नुभयो । भ्रमण टोलीले सरकारलाई जनता केन्द्रित विकासको मोडलले नै विकास र समृद्धि ल्याउने तथा नीतिगत निरन्तरता आवश्यक रहेको सुझाव दिएको छ ।

यस्तै, दुई देशबीच भएका विगतका समझदारीलाई इमान्दारिताका साथ कार्यान्वयन गर्नुपर्ने, विकासका लागि भूमिमाथि राज्यको अधिकार बलियो हुनुपर्ने, चिनियाँ लगानीकर्तालाई लगानीको वातावरण निर्माण गर्नुपर्ने, चिनियाँ पर्यटकलाई आकर्षण गर्ने कार्यक्रम ल्याउनुपर्ने संसदीय टोलीको सुझाव छ । गरिबी निवारणमा चीनले प्राप्त गरेको सफलताबाट नेपालले पाठ सिक्दै ग्रामीण बस्तीलाई सडक सञ्जालले जोड्ने, किसानलाई मल, बीउ, उपकरण उपलब्ध गराउने, पर्यटकीय सम्भावना भएका गाउँको विकास गर्ने, नयाँ गाउँको विकास गर्ने तथा सूचना प्रविधि र अन्य सुविधा उपलब्ध गराउनुपर्नेमा जोड दिइएको छ ।

विकास र वातावरणलाई सँगसँगै लैजानुपर्ने, भ्रमण कार्यक्रमबारे समयमा नै सम्बन्धित पक्षले संसद् सचिवालयलाई जानकारी गराउनुपर्ने तथा भ्रमणको पूर्वतयारी राम्ररी गरेरमात्र भ्रमण कार्यक्रम तय हुनुपर्ने सुझाव दिइएको छ । त्यस्तै, चीनसँगका सीमा नाका खोल्ने, व्यवस्थित गर्न जोड दिनुपर्ने, चीनस्थित नेपाली राजदूतावासको भवन बनाउन आवश्यक बजेट व्यवस्थापन गर्नुपर्ने एवं भ्रमण र अनुभव आदानप्रदानका लागि संस्थागतरुपमा नै सङ्घ, प्रदेश तथा स्थानीय तहलाई पनि समेट्नुपर्ने संसदीय टोलीको प्रतिवेदनमा समेटिएको छ ।

**प्रधानमन्त्रीका निर्देशन कार्यान्वयनबारे थालियो अनुगमन**

प्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड' ले आफ्नो कार्यकालको दोस्रो वर्षको सुरुआतमा गर्नुभएको मन्त्रालयगत समीक्षाका क्रममा मन्त्री तथा सचिवलाई दिएका निर्देशन कार्यान्वयनको अवस्थाबारे प्रधानमन्त्री तथा तथा मन्त्रिपरिषद् कार्यालयले अनुगमन थालेको छ । प्रधानमन्त्री ' प्रचण्ड'ले कार्यगत एवं नीतिगत सुधारका लागि विभिन्न मन्त्रालयलाई दिएका निर्देशन कार्यान्वयनको प्रगतिका विषयमा प्रतिवेदन माग गर्दै प्रधानमन्त्री कार्यालयले सम्बन्धित मन्त्रालयहरूलाई पत्राचार गरी त्यसको ताकेता समेत गरेको हो ।

प्रधानमन्त्री कार्यालयले गत माघ १० मा विभिन्न मन्त्रालयलाई निर्देशन कार्यान्वयनको प्रगति विवरण उपलब्ध गराउन पत्र पठाएकोमा केही मन्त्रालयबाट हालसम्म विवरण प्राप्त नभएपछि ती मन्त्रालयलाई फोन गरेर यथाशीघ्र विवरण पठाउनका लागि ताकेता गरिएको प्रधानमन्त्री कार्यालयका सहसचिव खोमराज कोइरालाले जानकारी दिनुभयो ।

प्रधानमन्त्री प्रचण्डले मन्त्रालयगत समीक्षाका क्रममा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई १० बुँदे निर्देशन दिनुभएको थिया भने खानेपानी मन्त्रालय र वन तथा वातावरण मन्त्रालयलाई सात/सात बुँदे निर्देशन दिनुभएको थियो । त्यस्तै सहरी विकास मन्त्रालयलाई गरिब, असहाय तथा सीमान्तकृत समुदायका लागि 'एक पालिका, एक नमूना एकीकृत बस्ती'को अवधारणा लागू गर्ने 'मोडालिटी' र योजना पेश गर्न निर्देशन दिनुभएको थियो । त्यसैगरी सो मन्त्रालयलाई देशका सबै सहरमा चलिरहेका परम्परागत बसपार्कलाई स्मार्ट बसपार्कमा रुपान्तरणगर्ने योजनालगायत विभिन्न आठवटा बुँदामा निर्देशन दिइएको थियो ।

त्यसैगरी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई दुर्गम क्षेत्रका किसानले उत्पादन गरेका वस्तु तथा सेवाहरूमा लागत घटाउन र बजार पहुँज सुनिश्चित गर्न भौगोलिक विकटताले सम्भव नभएका बाहेक आधा घण्टाभित्रको दूरीमा सबै गाउँबस्तीलाई समेत सडकको पहुँच पुर्‍याउन आवश्यक रहेको उल्लेख गर्दै त्यस्ता कार्यको यथार्थ विवरण प्रधानमन्त्री कार्यालयमा बुझाउन भनिएको थियो । यस मन्त्रालयलाई सवारी चालक अनुमति पत्रको विशेष योजना बनाउन, आयोजना समयमै सम्पन्न नहुने र अलपत्र हुने अवस्थालाई पूर्णरूपमा अन्त्य गर्नेलगायतका विभिन्न १३ बुँदे निर्देशन प्रधानमन्त्रीले दिनुभएको थियो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई रोजगारदाता र श्रमिकको एकीकृत विवरण तयार गरी माग र आपूर्तिबीचको सन्तुलन कायम गर्ने योजना प्रस्तुत गर्न र त्यसका लागि सात सय ५३ पालिकामा नै संयन्त्र निर्माण गर्न प्रधानमन्त्री प्रचण्डले निर्देशन दिनुभएको थियो । कामको सिलसिलामा विदेशमा चोटपटक वा अङ्गभङ्ग भएका तथा घाइते बिरामीको उपचार तत्काल गराउने व्यवस्था गर्नेलगायतका विभिन्न १७ बुँदामा प्रधानमन्त्री कार्यालयले निर्देशन दिएको थियो ।

गैरआवासीय नेपाली सङ्घको नेतृत्वमा 'एक नेपाली, एक विदेशी साथी नेपाल पठाउँ अभियान' सञ्चालन गर्ने तथा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त व्यक्तिलाई नेपालको पर्यटक प्रवर्तकमा नियुक्ति गर्ने एवं सांस्कृतिक गाउँ स्थापना गर्नेलगायतका विभिन्न आठ बुँदामा प्रधानमन्त्रीले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन गएको थियो ।

जनतासँग सरकारको राख्ने विभिन्न मुद्दामा केन्द्रित भएर प्रधानमन्त्री प्रचण्डको निर्देशनअनुसार प्रधानमन्त्रीको कार्यालयले सबै मन्त्रालयलाई प्रगति विवरण पठाउन पत्राचार गरेको थियो । प्रधानमन्त्रीले आफ्नो कार्यकक्षमा बोलाएर सम्बन्धित मन्त्री एवं सचिवलाई दिनुभएको निर्देशनको व्यहोरा तत्तत् मन्त्रालयमा पठाइएकोमा त्यसको जवाफका लागि ताकेता गरिएको सह-सचिव कोइरालाले बताउनुभयो ।

यसैबीच प्रधानमन्त्री कार्यालयबाट प्राप्त भएको निर्देशनअनुसार आफूहरूले सम्पूर्ण विवरण तयार पारी प्रधानमन्त्रीको कार्यालय पठाइसकेको खानेपानी मन्त्रालयका सचिव सुरेश आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार प्रधानमन्त्री कार्यालयले खानेपानी मन्त्रालयलाई काठमाण्डु उपत्यकामा खानेपानीको माग र आपूर्तिको अवस्था, देशका विभिन्न २३ ठूला सहरका खानेपानी र ढल निकासका देखिएका समस्या समाधान लगायतका विषयमा सात बुँदे दिर्नेशन दिएको दिएको थियो ।

सामुदायिक वनको पछिल्लो अवस्था र यसबाट उपलब्ध प्रतिफलमा हरेक सीमान्तकृत, गरिब समुदायका लागि पहुँच सुनिश्चित गर्ने अवस्था बुझ्न अध्ययन गरी योजना तयार गर्न प्रधानमन्त्री कार्यालयले वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिएको थियो । प्रधानमन्त्री कार्यालयबाट प्राप्त भएको निर्देशन कार्यान्वयन भइरहेको चाँडै त्यसको जानकारी पठाउने सो मन्त्रालयका सचिव डा दीपककुमार खरालले जानकारी दिनुभयो ।

प्रधानमन्त्रीको निर्देशन कार्यान्वयनको अवस्थाका विषयमा हामीले निरन्तर ताकेता गरिरहेको र कतिपय मन्त्रालयबाट विवरण पनि प्राप्त भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता नारायणप्रसाद भट्टले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "निर्देशनबमोजिम प्राप्त विवरण सङ्कलन भइरहेका छन्, अझै केही मन्त्रालयबाट प्राप्त हुने क्रममा रहेका छन्, ती मन्त्रालयलाई निरन्तर ताकेता भइरहेको छ ।"

निरन्तर पाक्षिकरूपमा प्रधानमन्त्रीको निर्देशनको प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पूर्वाधार विकास महाशाखामा उपलब्ध गराउनुपर्ने उल्लेख गरिएको छ । सोहीअनुसार प्रधानन्त्रीलाई नीतिगत तथा कार्यगत अवस्थाबारे जानकारी गराउने व्यवस्था गरिएको छ ।

# सम्पदा संरक्षणमा सञ्चारकर्मी जागरुक हुनुपर्ने

धरान । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले स्थानीय सम्पदा संरक्षणमा सञ्चारकर्मीको भूमिका महत्वपूर्ण हुने बताउनुभएको छ ।

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग, आमसञ्चार समितिले आज धरानमा आयोजना गरेको 'स्थानीय सम्पदा संरक्षणमा सञ्चारकर्मीको भूमिका' विषयक कार्यशालाका प्रमुख अतिथि मन्त्री राईले देशको विविधता र ओझेलमा परेका सम्पदा संरक्षणका लागि कलम चलाउन पत्रकारहरूलाई आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "प्रविधिमा पनि ज्ञान भएका सञ्चारकर्मी उत्पादन भइरहेका छन् । सञ्चारकर्मीलाई जिम्मेवार, कर्तव्यनिष्ठ बनाउन युनेस्कोको भूमिका पनि महत्वपूर्ण हुन्छ ।"

प्रतिनिधिसभा सदस्य सुशीला श्रेष्ठले स्थानीय संस्कार, संस्कृति संरक्षणका लागि कलम चलाउन आग्रह गर्नुभयो । युनेस्कोले काठमाडौँ बाहिर पहिलो पटक सम्पदा संरक्षणका लागि कार्यक्रम गरेको बताउनुभयो ।

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग, आमसञ्चार समितिका संयोजक नम्रता शर्माले परम्परागत सञ्चारमाध्यमदेखि एआई युगमा चुनौती थपिएको बताउनुभयो ।

चोमोलुङ्मा युनेस्को केन्द्रका अध्यक्ष हरिवंश किरातले स्थानीय सम्पदा नासिदै गएकाले तिनको संरक्षणमा सबैले ध्यान दिनुपर्ने बताउनुभयो । पत्रकार हर्ष सुब्बाले स्थानीय पत्रकारिता सतही हुन थालेको बताउनु भयो । अहिलेको पत्रकारिताअभ्यासमाआचारसंहिताको पालनालाई ध्यान नदिइको बताउनुभयो । रासस

# माओवादी केन्द्रले सहरी क्षेत्र र तराई-मधेशमा विशेष अभियान सञ्चालन गर्ने

काठमाण्डु । नेकपा (माओवादी केन्द्र)ले सहरी क्षेत्र र तराई-मधेशमा विषेश अभियान सञ्चालन गर्ने भएको छ । साङ्गठनिक संरचना कमजोर भएको भन्दै माओवादी केन्द्रले उक्त अभियान सञ्चालन गर्न लागेको हो ।

आइतबारदेखि जारी पार्टीको केन्द्रीय समितिको बैठकले विशेष गरी तराई-मधेशका जिल्लामा जनपरिचालन, सङ्गठन निर्माण एवं विस्तारलाई केन्द्रमा राखेर अभियान सञ्चालन गर्ने निर्णय गरेको माओवादी केन्द्रका उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिनुभयो । सहरी क्षेत्रमा समेत पार्टीलाई थप विस्तार गर्ने उद्देश्य राखेर अभियान सञ्चालन गरिनेछ । माओवादी केन्द्रले मङ्गलबारदेखि विधान अधिवेशनको आयोजना गरेको छ । अधिवेशन सकिए पछि तराई-मधेश र सहरी क्षेत्रमा विशेष अभियान सञ्चालन गरिने छ ।




यस्तै माओवादी केन्द्रले उत्तर दक्षिण र पूर्व-पश्चिम अभियानसमेत सञ्चालन गर्ने निर्णय गरेको छ । केन्द्रीय समितिको बैठकमा धारणा राख्ने नेताहरुले यसअघि सञ्चालन गरेको चार महिने 'जनतासँग माओवादी विशेष अभियान'ले पार्टीलाई थप सबल बनाउन मद्दत पुगेको बताएका थिए । माओवादी केन्द्रले चार महिने अभियानमा पार्टीको सङ्गठन निर्माण, पुनःनिर्माणका साथै शहीद परिवार, बेपत्ता योद्धाका परिवार र घाइते अपाङ्गता भएका कार्यकर्तासँग भेटघाट गरेको थियो । सरकारमा रहेर गरिएको सुशासन र समृद्धिको अभियानबारे जनतालाई जानकारी गराएको थियो । गत भदौ १६ गतेदेखि सुरु भएको सो अभियान गत पुस १७ गतेसम्म चलेको थियो ।

माओवादी केन्द्रको केन्द्रीय समिति चार सय नौ सदस्यीय छ । पार्टीका वैकल्पिक केन्द्रीय सदस्य एक सय ९० जना छन् । यस्तै सात भौगोलिक र तीन गैरभौगोलिक प्रदेश समितिका पदाधिकारीलाई पनि बैठकमा आमन्त्रण गरिएको छ । माओवादी केन्द्रले आगामी फागुन १, २ र ३ गते राजधानीमा विधान सम्मेलन गर्दैछ । पार्टीका उपाध्यक्ष पम्फा भुसालको संयोजकत्वमा विधान मस्यौदा समिति गठन गरेको थियो । समितिले प्रस्ताव गरेको विधानमाथि माओवादी केन्द्रको स्थायी समिति बैठकमा छलफल भइसकेको छ ।

यसैगरी माओवादी केन्द्रले सङ्घीयता, गणतन्त्र एवं समावेशी, समानुपातिक प्रतिनिधित्वलगायत परिवर्तनका मुद्धालाई थप संस्थागत गर्न अभियान चलाउने भएको छ । त्यसका लागि जनवर्गीय सङ्गठन र मुक्ति मोर्चाको सम्मेलन गर्ने भएको छ । जनवर्गीय सङ्गठन एवं मोर्चाको सम्मेलन गरेर पुनः गठन गर्ने निर्णय भएको प्रवक्ता सापकोटाले जानकारी दिनुभयो । यस्तै प्रवासमा रहेका नेपालीका लागि प्रशिक्षण र सङ्गठित गर्ने निर्णय गरिएको छ ।

बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री एवं पार्टी अध्यक्ष पुष्पकमल दाहाल ' प्रचण्ड'ले आर्थिक क्षेत्रमा ठूलो परिवर्तन जरुरी रहेकाले सोही अनुसार सरकारले काम गरिरहेको बताउनुभएको थियो । उहाँले नीति तथा कार्यक्रम र बजेटमा समेत क्रमभङ्गता गरिने उल्लेख गर्नुभयो । अध्यक्ष दाहालले सामाजिक न्यायसहितको सुशासन र समृद्धि नै समाजवादको भ्रुण भएकाले सरकार सोही दिशामा केन्द्रीत रहेको स्पष्ट पार्नुभयो । सरकारले सुशासन र समृद्धिको पक्षमा इमान्दार भएर प्रयत्न गरेको उहाँको भनाइ थियो । भ्रष्टाचार नियन्त्रणका लागि सरकारले प्रभावकारी कदम चालेको उल्लेख गर्दै अध्यक्ष दाहालले अनियमितता अन्त्य नभएसम्म समाजवादको आधार तयार नहुने स्पष्ट पार्नुभयो ।

**अभियानमा नखटिनेलाई कारबाही**

माओवादी केन्द्रले 'जनतासँग माओवादी विशेष अभियान' मा नखटिने पार्टीका नेता तथा कार्यकर्तालाई कारबाही गर्ने भएको छ । अभियानमा नखटिने कार्यक्षेत्रमा नखट्ने कार्यकर्तालाई स्पष्टिकरण सोध्ने र कारबाहीको दायरामा ल्याउने पार्टीले निर्णय गरेको छ ।

प्रवक्ता सापकोटाका अनुसार शतप्रतिशत खटिने कार्यकर्तालाई प्रशंसापत्र वितरण गरिने छ । यस्तै, ७५ देखि ८० प्रतिशतसम्म खटिने कार्यकर्तालाई धन्यवादपत्र दिइनेछ । यस्तै, ५० देखि ५५ प्रतिशतसम्म खटिने कार्यकर्तालाई थप परिचालित हुन निर्देशन दिइने छ । पन्ध्र प्रतिशतभन्दा कम खटिनेलाई स्पष्टीकरण लिने, निलम्बन गरिनेलगायत कारबाही प्रक्रिया अगाडि बढाउने पार्टीले निर्णय गरेको छ । यस्तै, विशेष विधान सम्मेलन सम्पन्न भएपछि विशेष महाधिवेशनको तयारीमा जुट्ने माओवादी केन्द्रले निर्णय गरेको छ । रासस

# सरकारले चितवनको बाँदरझुलामा बिजुली चाँडै उपलब्ध गराउने

काठमाण्डु । सरकारले विकासको प्रवाहमा पछाडि परेको चितवनको माडी नगरपालिका-९ बाँदरझुला (हनुमानझुला) मा बिजुली उपलब्ध गराउने प्रक्रिया सुरु गरेको छ । सो स्थानमा अझै पनि राष्ट्रिय प्रसारण लाइनको विद्युत् पुग्न नसक्दा स्थानीयवासीले कष्टकर जीवन भोग्दै आएका थिए ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले सो स्थानमा बिजुली उपलब्ध गराउने प्रतिबद्धता जनाउनुभएको थियो । सोहीअनुरुप, आवश्यक प्रक्रिया अगाडि बढेको हो । नेपाल विद्युत् प्राधिकरणले बाँदरझुलामा विद्युतीकरणका लागि दुई वर्षअघि रु दुई करोड ५० लाख विनियोजन गरी बोलपत्र आह्वान गरेको थियो । तर, चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले आफ्नो मध्यवर्ती क्षेत्रमा रहेको अव्यवस्थित बस्तीलाई प्रोत्साहन गरी अतिक्रमणलाई बढावा मिल्नेगरी कुनै योजना सञ्चालन नगर्न पत्राचार गरेपछि विद्युतीकरणका लागि गरिएको टेन्डर प्रक्रिया रोकिएको थियो ।

निकुञ्जले बाँदरझुला क्षेत्रमा कुनै योजना सञ्चालन नगर्न र विनाअनुमति गरेमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ बमोजिम कारबाही हुने जानकारी गराएको थियो । बाँदरझुला क्षेत्र पर्साको ठोरी र भारतीय सीमासँग जोडिएको क्षेत्र हो । निकुञ्जले आफ्नो क्षेत्र दाबी गरेको बाँदरझुलामा करिब आठ सय परिवारका तीन हजार पाँच सय जनाभन्दा बढी बसोबास गर्दै आएका छन् । निकुञ्जले भने आफ्नो क्षेत्र अतिक्रमण गरेर बसेकाले उक्त बस्ती अन्यत्र स्थानान्तरण गर्नुपर्ने जनाउँदै आएको छ । उक्त क्षेत्रमा २०४७ सालमा बस्ती बसेकाले उनीहरुले आफूले भोगचलन गर्दै आएको जग्गामा दाबी गर्दै आएका छन् । उनीहरुले राष्ट्रिय प्रसारण लाइनको विद्युत् पुग्न नसकेपछि केहीले सौर्य ऊर्जाबाट विद्युत् प्रयोग गरिरहेका छन् । उक्त क्षेत्रभन्दा करिब दुई किलोमिटर दूरीमा पर्ने पर्साको ठोरीसम्म बिजुली पुगिसकेको छ ।

विद्युतीकरणको समस्या देखिएपछि नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, हेटौँडा प्रदेश डिभिजन कार्यालयका प्रमुख, चनौली वितरण केन्द्र प्रमुखलगायत सम्मिलित टोलीले आइतबार बाँदरझुला क्षेत्रको स्थलगत भ्रमण गरी स्थानीयसँग छलफल गरेको छ । कार्यकारी निर्देशक घिसिङले बाँदरझुला क्षेत्रमा बिजुली पुर्‍याउन बजेट विनियोजन गरेर काम गर्न टेन्डर आह्वान गरी प्रक्रिया अन्तिम चरणमा पुगेको अवस्थामा निकुञ्जको कानुनी व्यवस्था र प्रक्रियाका कारण ढिला भएको बताउनुभयो । बाँदरझुलाको बस्ती स्थानान्तरण गरिएमा विद्युत्का संरचना पनि हट्ने उल्लेख गर्दै उहाँले घर/बस्ती भएको क्षेत्रमा बिजुली पुर्‍याउनु प्राधिकरणको दायित्व भएको उहाँले बताउनुभयो ।

"नागरिकलाई बिजुली जस्तो आधारभूत सुविधाबाट बञ्चित गर्न मिल्दैन, बस्ती स्थानान्तरण गर्ने नगर्ने राज्यको विषय हो । स्थानीयलाई जसरी पनि बिजुली उपलब्ध गराउनुपर्छ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो । रासस


लक्ष्मीनियाँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा
मधेश प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

सुचना प्रकाशित मिति – २०८०।११।०१ गते

यस गाउँपालिकाको तपशिल बमोजिमको ठेक्का नं मा उल्लेखित कार्यको लागि मिति २०८०/०९/२० गते प्रकाशित बोलपत्र आव्हानको सुचना अनुसार तोकिएको म्याद भित्र रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मुल्याङ्कन समितिबाट न्युनतम मुल्याङ्कन भई सारभुत रुपमा प्राभावग्राही देखि स्वीकृतीको लागि तपशिल बमोजिमको बोलपत्र छनौट भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ उपदफा (२) र (३) तथा सार्वजनिक खरीद ऐन २०६३ को दफा ४७ को प्रायोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धी सबैको जानकारीको लागि यो ७ (सात) दिने सुचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाता को नाम र ठेगाना | कबोल अंक (PS वाहेक) |
|---|---|---|---|---|
| १ | LAX/WORKS/ 01-2080/81 | Sahid Dilip Yadav Pratisthan ko Adhuro Bhawan Nirman | अनुभव निर्माण सेवा, लक्ष्मीनियाँ गा.पा. -१, धनुषा | २७,९८,४७९।- |

प्रमुख प्रशासकीय अधिकृत

# सन् २०२३ मा यूरोपतर्फ हुने रूसी निर्यातमा दुई तिहाइले कमी

**एएफपी**

मस्को । यूरोपेली सङ्घ (इयू) ले रूसी तेल तथा ग्यासको खरिदमा भारी कटौती गरेपछि सन् २०२३ मा यूरोपमा हुने रूसी निर्यातमा दुई तिहाइभन्दा बढीले गिरावट आएको रूसको भन्सार कार्यालयले सोमबार जनाएको छ ।

युक्रेनविरुद्धको सैन्य आक्रमणलाई लिएर मस्कोमाथि आर्थिक दबाब सिर्जना गर्न युरोपेली सङ्घ (ईयू) का देशहरूले रूसबाट हुने अधिकांश ऊर्जा खरिद रोकेका छन् ।

सन् २०२३ मा यूरोपमा हुने रूसी निर्यात ६८ प्रतिशतले घटेर ८४.९ अर्ब डलरमा झरेको रूसको सङ्घीय भन्सार कार्यालयलाई उद्धृत गर्दै रूसी समाचार संस्था इन्टरफ्याक्सले जनाएको छ ।

यूरोपलाई देशको मुख्य ऊर्जा ग्राहकको रूपमा प्रतिस्थापन गरेको एसियामा निर्यात ५.६ प्रतिशतले वृद्धि भई ३०६.६ अर्ब डलर पुगेको रूसले जनाएको छ ।

पश्चिमा प्रतिबन्धहरूको मारमा परेपछि मस्कोले छुट्टाछुट्टै देशहरूसँगको व्यापार तथ्याङ्कसहित आर्थिक तथ्याङ्कहरूको विशाल श्रृङ्खला प्रकाशित गर्न बन्द गरेको छ ।

बेइजिङ र मस्कोबीचको बढ्दो आर्थिक, व्यापारिक र राजनीतिक सम्बन्धकाबीच गत वर्ष दुई देशबीच दुईतर्फी व्यापार २४० अर्ब अमेरिकी डलर पुगेको चिनियाँ भन्सारसम्बन्धी छुट्टाछुट्टै तथ्याङ्कले देखाएका छन् ।

रूसको केन्द्रीय बैंकले पनि गत हप्ता रूसी बैंक खातामा चिनियाँ युआनको होल्डिङ पहिलो पटक अमेरिकी डलरभन्दा बढी पुगेको जनाएको थियो । रूसको वित्तीय प्रणालीले डलरमा उसको पहुँचमा प्रतिबन्धको सामना गर्दै चिनियाँ मुद्रालाई अँगालेको छ ।

रूसको समग्र व्यापार अधिशेष सन् २०२३ मा एक खर्ब ४० अर्बमा पुगेको छ । यो सन् २०२२ को तुलनामा ५८.५ प्रतिशत कम भएको छ । मस्कोले ऊर्जाबाट सङ्कलन गर्ने विशाल राजस्व यसले यूक्रेनविरूद्ध गरेको आक्रमणपछि युरोपेली मुलुकले लगाएको प्रतिबन्धका कारण गुमाएको छ भने यूरोपमा यसले उर्जाको व्यापक अभाव हुनुका साथै मूल्यवृद्धि भएको छ ।

तेल र ग्याँसको मूल्य वृद्धिका कारण यूरोपेली मुलुकले रूसबाट आयात गर्दै आएको उर्जा खरीद्लाई शुन्यमा झार्ने चेतावनीबीच रूसबाट यूरोपतर्फ जाने उर्जा बजारपूर्णरूपमा बन्द हुन सकेको छैन । प्रत्येक महिना अर्बौं डलरको आम्दानी हुने ऊर्जा निर्यात रूसको बजेटको लागि राजस्वको एक महत्वपूर्ण स्रोत हो ।

इन्टरफ्याक्सका अनुसार गत वर्ष यूरोपबाट रूसी आयात पनि १२.३ प्रतिशतले घटेर ७८.५ अर्ब डलरमा झरेको थियो भने एसियाबाट खरिद गरिएका सामानको मूल्य २९.२ प्रतिशतले बढेर एक खर्ब ८७ अर्ब डलर पुगेको थियो ।

# सन् २०२३ मा उनान्साठी हजारभन्दा बढी भारतीयले अमेरिकी नागरिकता लिए : रिपोर्ट

**एएनआई**

वासिङ्टन डीसी । सन् २०२३ मा ५९ हजारभन्दा बढी भारतीय नागरिकहरूले स्थायी अमेरिकी नागरिकता लिएका छन् ।

यो सङ्ख्या मेक्सिकोपछि अमेरिकी नागरिकता लिनेहरूको दोस्रो ठूलो सङ्ख्या भएको अमेरिकी नागरिकता र अध्यागमन सेवा (यूएससीआईएस) द्वारा जारी गरिएको वार्षिक प्रगति रिपोर्ट २०२३ ले जनाएको छ ।

रिपोर्ट अनुसार गत आर्थिक वर्षमा करिब ८.७ लाख विदेशीले अमेरिकी नागरिकता लिएका थिए । योमध्ये नयाँ नागरिकहरूको कुल सङ्ख्याको १२.७ प्रतिशत अर्थात् एक लाख १० हजार मेक्सिकोका र ६.७ प्रतिशत अर्थात् ५९ हजार १६७ भारतीयहरूले अमेरिकी नागरिकता प्राप्त गरेका छन् ।


रिपोर्टका अनुसार नयाँ अमेरिकी नागरिकमध्ये ५.१ प्रतिशत अर्थात् ४४ हजार ८०० फिलिपिन्स र चार प्रतिशत अर्थात् ३५ हजार २०० डोमिनिक गणतन्त्रका थिए ।अमेरिकी नागरिकता प्राप्त गर्नका लागि योग्य हुन आवेदकले अमेरिकी अध्यागमन तथा राष्ट्रियता ऐन अनुसार निर्धारित योग्यता तथा आवश्यकताहरू पूरा गर्नुपर्दछ । अमेरिकी नागरिकता प्राप्त गर्न सामान्यतया कम्तिमा कानुनीरूपमा पाँच वर्ष स्थायी बसोबास गरेको हुनुपर्छ भने विशेष प्रावधानको व्यवस्थाले अमेरिकी नागरिकका पति/पत्नीहरू र सैन्य सेवाका आवेदकलाई सामान्य आवश्यकताहरूबाट छुट दिने यूएससीआईएस रिपोर्टले जनाएको छ ।

गत आर्थिक वर्षमा अमेरिकी नागरिकता प्राप्त गर्ने अधिकांश व्यक्तिहरू आईएनए धारा ३१६ (क) अर्थात् कम्तिमा पाँच वर्ष बसोबास गरेको आधारमा नागरिकता प्राप्त गर्नका लागि योग्य ठहरेका थिए भने आईएनए धारा ३१९ (क) अर्थात् अमेरिकी नागरिकसँग बिहे गरेको आवेदकहरूले कम्तिमा तीन वर्षमा नागरिकताका लागि योग्य मानिएका थिए ।

गत आर्थिक वर्षमा स्थायी नागरिक भएका सबै नागरिकहरूले सात बर्ष एलपीआरका रूपमा बिताएका थिए । यसबाहेक, अमेरिकी नागरिकता र अध्यागमन सेवा (युएससीआईएस) अन्तर्गत आर्थिक वर्ष २०२२/०२३ मा स्थायी नागरिकता लिनेको सङ्ख्यामा अघिल्लो दशकको लगभग एक चौथाई भाग आगटेको छ ।

# विश्वका करिब आधा आप्रवासी प्रजाति घट्दै गएका छन्- संयुक्त राष्ट्रसङ्घ

**एपी**



वासिङ्गटन । संयुक्त राष्ट्रसङ्घको सोमबारको एक प्रतिवेदनअनुसार विश्वका करिब आधा आप्रवासी प्रजातिहरू घट्दै गएका छन् ।

धेरै सङ्गबर्ड, समुद्री कछुवा, ह्वेल, शार्क र अन्य प्रवासी जीवजन्तु परिवर्तित मौसमसँगै विभिन्न वातावरणमा सर्छन् र बासस्थानको हानि, अवैध शिकार र माछा मार्ने, प्रद्रषण तथा जलवायु परिवर्तनले जोखिममा पर्छन् ।

संसारभरमा करिब ४४ प्रतिशत आप्रवासी प्रजातिहरूको स‌ङ्ख्या घट्दै गएको प्रतिवेदनमा उल्लेख छ । राष्ट्रसङ्घद्वारा अनुगमन गरिएको करिब एक हजार दुईसय प्रजातिमा २० प्रतिशत लोप हुने खतरामा छन् ।

"यी यस्ता प्रजाति हुन् जो संसारभर घुम्छन्, उनीहरू भोजन र प्रजननका लागि अगाडि बढ्छन् र उनीहरूलाई मार्गमा रोकिन स्थानहरूको पनि आवश्यकता हुन्छ", उज्बेकिस्तानको समरकन्दमा संयुक्त राष्ट्रसङ्घ वन्यजन्तु सम्मेलनमा जारी प्रतिवेदनका प्रमुख लेखक केली माल्सले भन्नुभयो ।

तिनीहरूको यात्राको कुनै पनि विन्दुमा बासस्थानको हानि वा अन्य खतराका कारण स‌ङ्ख्यामा कमी आउन सक्छ । "केही प्रजातिका लागि बसाइँसराइ आवश्यक छ, यदि तपाइँले आप्रवासनमा कटौती गर्नुभयो भने तपाइँले प्रजातिलाई मार्न गइरहनुभएको छ", ड्युक विश्वविद्यालयका इकोलोजिस्ट स्टुअर्ट पिमले भन्नुभयो । उहाँ प्रतिवेदनमा सहभागी हुनुहुन्न ।

कुनै प्रजाति लोपोन्मुख छ वा छैन भनेर ट्र्याक गर्ने इन्टरनेसनल युनियन फर कन्जरभेसन अफ नेचरको रेड लिस्टको जानकारीसहित अवस्थित डाटामा प्रतिवेदन निर्भर छ । राष्ट्रसङ्घीय बैठकका सहभागीहरूले संरक्षण उपायहरूका लागि मूल्याङ्कन गर्ने र धेरै नयाँ प्रजातिको चासोलाई औपचारिकरूपमा सूचीबद्ध गर्ने योजना बनाएका छन् ।

गैर-नाफामूलक वन्यजन्तु संरक्षण सोसाइटीका अन्तर्राष्ट्रिय नीतिका उपाध्यक्ष सुसन लिबरम्यानले भन्नुभयो, "एउटा देशले मात्र यीमध्ये कुनै पनि प्रजातिलाई बचाउन सक्तैन ।" उहाँले दक्षिण अमेरिकाका आठ सरकारले संयुक्तरूपमा संयुक्त राष्ट्रसङ्घको सन्धिको चिन्ताबीच आप्रवासी प्रजातिहरूको सूचीमा घट्दो अमेजन क्याटफिसका दुई प्रजातिलाई थप्ने प्रस्ताव राख्ने अपेक्षा गरिएको बताउनुभयो ।

अमेजन नदी बेसिन संसारको सबैभन्दा ताजा पानी प्रणाली हो । "यदि अमेजन अक्षुण्ण छ भने क्याटफिस फस्टाउनेछ, यो बासस्थान सुरक्षाका बारेमा हो", लिबरम्यानले भन्नुभयो ।

सन् २०२२ मा सरकारहरूले क्यानाडाको मन्ट्रियलमा संयुक्त राष्ट्रसङ्घीय जैविक विविधता सम्मेलनमा संरक्षणका लागि पृथ्वीको ३० प्रतिशत भूमि र जलस्रोतको रक्षा गर्ने वाचा गरेका छन् ।

# गाजा युद्ध तथा लाल सागर आक्रमणले वैश्विक अर्थतन्त्र खतरामा

**एएफपी**



दुबई । अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) र विश्वबैंकले गाजा युद्ध र लाल सागरको माध्यमबाट ढुवानीसँग सम्बन्धित आक्रमणले वैश्विक अर्थतन्त्रलाई खतरामा पारेको सोमबार चेतावनी दिएका छन् ।

आइएमएफका प्रबन्ध निर्देशक क्रिस्टालिना जर्जिएभाले अक्टोबरदेखि जारी इजराइल-हमास युद्धले पहिला नै मध्यपूर्व र उत्तरी अफ्रिका क्षेत्रको अर्थतन्त्रलाई प्रभावित पारेको बताउनुभयो । उहाँले दुबईमा व्यापार र राजनीतिक नेताहरूको वार्षिक सभा वर्ल्ड गभर्नमेन्ट्स समिटमा युद्ध लामो समयसम्म जारी रहे यसको असर विश्वमा पर्नसक्ने बताउनुभयो ।

"मलाई द्वन्द्व लामो समयसम्म चल्छ भन्ने डर छ किनकी यदि युद्ध जारी रह्यो भने यो फैलिने खतरा बढ्नेछ", उहाँले भन्नुभयो, "अहिले हामीले स्वेज नहरमा खतरा देखिरहेका छौं किनकी यमनका इरान समर्थित हुथी विद्रोहीहरूले महत्त्वपूर्ण सामुद्रिक मार्गतर्फ जाने लाल सागरका जहाजमा आक्रमण गरेका छन् ।"

हुथीहरूले गाजामा प्यालेस्टिनीहरूसँग ऐक्यबद्धतामा इजराइलसँग सम्बन्धित ढुवानीलाई निशाना बनाइरहेको बताएका छन् । यसबाट केही मालवाहक जहाज आक्रमणबाट बच्नका लागि लामो र धेरै महँगो मार्गहरू प्रयोग गर्न बाध्य भइरहेका छन् ।

गत महिनाको अन्त्यमा व्यापार तथा विकाससम्बन्धी संयुक्त राष्ट्र सम्मेलनले स्वेज नहर हुँदै व्यापारिक यातायातको मात्रा पछिल्ला दुई महिनामा ४० प्रतिशतभन्दा धेरैले घटेको चेतावनी दिएको थियो । जर्जिएभाले युद्धका सन्दर्भमा अन्य परिणाम छन् भने यो सम्पूर्ण विश्वका लागि थप समस्याग्रस्त हुन सक्छ भन्नुभयो । एक व्यक्तिगत टिप्पणीमा उहाँले भन्नुभयो, "एक महिलाका रूपमा एक आमा, हजुरआमाका रूपमा म शान्तिका लागि प्रार्थना गर्दछु ।"

अक्टोबर ७ मा दक्षिणी इजराइलमा हमासको आक्रमणको प्रतिशोधमा गाजा पट्टीले चार महिनाभन्दा लामो अवधिदेखि तीव्र इजराइली आक्रमणको सामना गर्नुपरिरहेको छ । युद्धसम्बन्धी अनिश्चितताहरूका बावजुद जर्जिएभाले भन्नुभयो, "विश्व अर्थतन्त्र अब हामीले सपना देखेको नरम अवतरणका लागि तयार भएकामा आइएमएफ विश्वस्त छ ।"

प्रमुख अर्थतन्त्रहरूमा ब्याजदरहरूमा कटौतीका बारेमा सोधिएको प्रश्नमा उहाँले भन्नुभयो, "मध्य वर्षासम्म ब्याजदरहरू गत वर्षको मुद्रास्फीतिको दिशामा जाने अपेक्षा गरेको छु ।"

"गाजामा जे भइरहेको छ, तर युक्रेनको चुनौती र लाल सागर पनि वैश्विक आर्थिक दृष्टिकोणका लागि शीर्ष चुनौतीमध्ये एक हुन्", शिखर सम्मेलनमा विश्वबैंकका अध्यक्ष अजय बङ्गाले भन्नुभयो ।

# चुनावी नतिजाको विरोधमा खानका समर्थक र अन्य पाकिस्तानी दलद्वारा राजमार्ग अवरुद्ध

**एपी**



क्वेटा । पाकिस्तानको कारागारमा रहनुभएका पूर्वप्रधानमन्त्री इमरान खानका हजारौँ समर्थक र अन्य राजनीतिक दलका सदस्यहरूले गत साताको निर्वाचनमा कथित धाँधलीको विरोधमा सोमबार अस्थिर दक्षिण-पश्चिममा प्रमुख राजमार्गहरू अवरुद्ध गरेका छन् ।

आइतबार प्रकाशित अन्तिम नतिजाअनुसार करिब दुई वर्षअघि खानलाई सत्ताबाट हटाउने राजनीतिक दलहरूको तुलनामा उहाँले समर्थन गर्नुभएका उम्मेदवारहरूले धेरै सिट जितेका छन् । यद्यपि कुनै पनि दललाई स्पष्ट बहुमत प्राप्त नभएकाले गठबन्धन सरकार बनाउन दलहरूले वार्ता गर्नुपर्ने भएको छ । नयाँ संसद्ले मुलुकको नयाँ प्रधानमन्त्री चयन गर्नेछ ।

नयाँ संसद् चयन गर्न बिहीबार भएको मतदानलाई मतदानमा धाँधलीको आरोप, अभूतपूर्व मोबाइल फोन सेवा बन्द तथा खान र उहाँको पाकिस्तान तेहरिक-ए-इन्साफ (पिटिआई) पार्टीलाई मतदानबाट गरिएको बहिष्कारले ओझेलमा पारेको थियो ।

निर्वाचन जित्नेहरूले विजयको उत्सव मनाइरहँदा पिटिआई र अन्य दलहरूले दर्जनौं निर्वाचन क्षेत्रमा आफ्नो हार अस्वीकार गरेका छन् । कथित मतदान धाँधलीको विरोध गरिरहेका खानका दर्जनौं समर्थकहरूलाई सप्ताहन्तमा पूर्वी सहर लाहोरमा केही समयका लागि हिरासतमा लिइएको थियो ।

बलुचिस्तानको दक्षिणपश्चिमी प्रान्तमा एक सरकारी प्रवक्ता जान अचकजाईले प्रदर्शनकारीहरूलाई हार स्वीकार गरेर राजमार्गहरूबाट टाढा गएर 'कृपा देखाउन' आग्रह गर्नुभयो । आपराधिक सजायका कारण खानले निर्वाचन लड्न पाउनु भएन । उहाँले यसलाई राजनीतिकरूपमा प्रेरित भन्नुभएको छ ।

खानसँग गठबन्धन गर्ने उम्मेदवारहरूले राष्ट्रियसभा अर्थात संसद्को तल्लो सदनमा दुई सय ६६ सिटमध्ये एक सय एक सिट हासिल गरेका छन् । तीन पटकका प्रधानमन्त्री तथा पूर्वअपराधी नवाज शरिफ नेतृत्वको पाकिस्तान मुस्लिम लिग-एन (पिएमएल-एन) ले ७५ सिट हासिल गरेको छ । शरिफले अहिले गठबन्धन सरकार बनाउनका लागि सहयोगीहरूसँग वार्ता गरिरहनुभएको छ ।

बिलावल भुट्टो-जर्दारी नेतृत्वको पाकिस्तान पिपुल्स पार्टी (पिपिपी) ५४ सिटका साथ तेस्रो स्थानमा रहेको छ । एक उम्मेदवारको मृत्युका कारण एउटा परिणाम रोएिको छ भने अर्को मतदान स्थगित गरिएको छ । सन् २०२२ मा खानलाई पदबाट हटाउने अभियानको नेतृत्व पिएमएल-एन र पिपिपीले गरेका थिए ।

पाकिस्तानको सेनाले सधैँ आफूलाई प्रधानमन्त्री बनाउने अन्तिम मध्यस्थकर्ताका रूपमा प्रस्तुत गरेको छ । गत अक्टोबरमा मुलुकमा सहज फिर्ताका कारण शरिफलाई शक्तिशाली सुरक्षा प्रतिष्ठान (सेना) को मनपर्ने उम्मेदवारका रूपमा हेरिएको थियो ।

कारागार सजाय भोग्नबाट बच्नका लागि शरिफले चार वर्ष निर्वासनमा बिताउनुभएको थियो तर पाकिस्तान पुगेको केही साताभित्रै उहाँको सजायलाई उल्ट्याइयो ।

# अमेरिकी नेतृत्वको गठबन्धन मिसन अन्त्य गर्न इराक र अमेरिकाबीच वार्ता पुनः सुरु

**एएफपी**

बग्दाद । इराकमा अमेरिकी नेतृत्वको अन्तर्राष्ट्रिय गठबन्धनको मिसन अन्त्य गर्ने विषयमा छलफल गर्न इराक र संयुक्त राज्य अमेरिकाबीच आइतबार नयाँ चरणको वार्ता सुरु भएको इराकी सरकारले जनाएको छ ।



इराकी सेनाका प्रवक्ता याह्या रसौलले एक विज्ञप्ति जारी गर्दै उच्च सैन्य आयोग (एचएमसी) ले इराकी सेनाको क्षमताका साथै सैन्य अवस्था, इस्लामिक स्टेट (आइएस) समूहबाट उत्पन्न खतराको स्तरको मूल्यांकन गर्न अन्तर्राष्ट्रिय गठबन्धन पक्षसँग बैठक पुनः सुरु गरेको बताउनुभएको छ । रसौलले भन्नुभयो, "यी बैठकहरूको आधारमा, इराकमा अन्तर्राष्ट्रिय गठबन्धन सल्लाहकारहरूको क्रमिक कटौतीको लागि एउटा समय तालिका तयार गरिनेछ, जसले आईएससँग लड्ने गठबन्धन मिशनको अन्त्य र गठबन्धन देशहरूसँग इराकको द्विपक्षीय सम्बन्धमा सङ्क्रमणकालको नेतृत्व गर्नेछ ।"

रसौलले भन्नुभयो, "आयोगको काम जतिसक्दो चाँडो सम्पन्न गर्न सकियोस् र बैठकमा कुनै बाधा नपुगोस भनी अन्तर्राष्ट्रिय गठबन्धनसँग समय समयमा बैठकहरू आयोजना गरिनेछ ।

जनवरी २५ मा इराकी विदेश मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै इराकमा अन्तर्राष्ट्रिय गठबन्धन मिसन अन्त्य गर्न र राजनीतिक, आर्थिक, सांस्कृतिक, सुरक्षा तथा सैन्य स्तरमा गठबन्धन देशहरूसँगको विस्तृत द्विपक्षीय सम्बन्धमा उनीहरूको सम्बन्धलाई अगाडि बढाउन एचएमसी गठन गर्न संयुक्त राज्य अमेरिकासँग सहमत भएको बताएको थियो ।

# जनवरीमा पाकिस्तानको विप्रेषण २६.२ प्रतिशत वृद्धि : केन्द्रीय बैङ्क




**सिन्ह्वा**

इस्लामावाद । सन् २०२४ जनवरीमा विदेशमा कार्यरत पाकिस्तानी कामदारहरूले पठाएको विप्रेषण अघिल्लो बर्षको तुलनामा २६.२ प्रतिशतले बढेको पाकिस्तानको केन्द्रिय बैङ्क (एसबिपी) ले सोमबार जनाएको छ ।

जनवरीमा कामदारहरूबाट आएको विप्रेषण २.३ अर्ब अमेरिकी डलर रेकर्ड भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त रकम १.९ अर्ब डलर थियो । पाकिस्तानको विप्रेषण मासिक रूपमा ०.६ प्रतिशतले बढेको तथ्याङ्कले देखाएको छ ।

सन् २०२३ जुलाईदेखि सन् २०२४ जुनसम्मको चालू आर्थिक वर्षको पहिलो सात महिनामा विप्रेषण आय १५.८ अर्ब डलर पुग्ने प्रक्षेपण तथ्याङ्कमा उल्लेख गरिएको छ ।

गत महिना साउदी अरबबाट ५८ करोड ७३ लाख डलर, संयुक्त अरब इमिरेट्सबाट ४० करोड ७६ लाख डलर, बेलायतबाट ३६ करोड २१ लाख डलर र संयुक्त राज्य अमेरिकाबाट २८ करोड ३४ लाख डलर बिप्रेषण आएको केन्द्रीय बैङ्कले जनाएको छ ।

# नेतन्याहू र बाइडेनबीच गाजाबाट बन्धक फिर्ता गर्ने बिषयमा छलफल

**एएफपी**



जेरूसेलम।इजरायलीप्रधानमन्त्री बेन्जामिन नेतन्याहू र अमेरिकी राष्ट्रपति जो बाइडेनबीच गाजामा बन्धक बनाइएका बन्धकहरूलाई मुक्त गर्न जारी प्रयास र प्यालेस्टाइनी इलाकामा थप सहायताका लागि जारी प्रयासबारे आइतबार फोनवार्ता भएको छ ।

सन् २०२३ को अक्टोबर ७ मा हमासको आक्रमणका क्रममा अपहरणमा परेका करिब १०० जना गाजामै रहेको इजरायली अधिकारीले सिन्ह्वासँग बताए ।

उहाँहरूबीच गाजाको सबैभन्दा दक्षिणी शहर रफाहमा स्थलआक्रमण गर्ने इजरायलको घोषित योजनाका साथै गाजामा थप सहायताको सहजीकरणका बारेमा पनि छलफल भएको थियो ।

ह्वाइट हाउसले जारी गरेको विज्ञप्तिअनुसार राष्ट्रपति बाइडेनले नेतन्याहूलाई इजरायलले रफाहमा आश्रय लिइरहेका करिब १० लाख मानिसको सुरक्षा सुनिश्चित गर्ने योजनाबिना सैन्य अभियान अघि बढाउन नहुने बताउनुभएको छ ।

उहाँले 'हमासलाई परास्त गर्ने साझा लक्ष्य' भएको र गाजामा रहेका सर्वसाधारणका लागि मानवीय सहायता बढाउन तत्काल कदम चाल्न पनि आग्रह गर्नुभएको छ ।

बाइडेनले गत हप्ता इजरायलको सैन्य अभियानको आलोचना गरेपछि दुई नेताबीच पहिलो पटक कुराकानी भएको हो । गाजा पट्टीमा इजरायली आक्रमणमा परी मृत्यु हुने प्यालेस्टिनीको सङ्ख्या सन् २०२३ अक्टोबर ७ देखि अहिलेसम्म २८ हजार १७६ पुगेको छ भने अन्य ६७ हजार ७८४ जना घाइते भएका गाजास्थित प्यालेष्टिनी स्वास्थ्य मन्त्रालयले आइतबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।



लहान नगरपालिका–२४ मानिकदहस्थित झुटकीका किसान दीपेन्द्रकुमार यादव काउलीमा सिँचाइ गर्दै । उक्त गाउँमा करिब ७० प्रतिशत किसानले व्यावसायिक रुपमा तरकारी खेती गर्ने गरेका छन् ।
*तस्बिर : रासस*

# राजस्व र खर्चको अनुमान घटाइयो

काठमाण्डु । सरकारले चालू आर्थिक वर्ष २०८०/८१ को बजेटको अर्धवार्षिक समीक्षा गर्दै राजस्व र खर्चको अनुमान घटाएको छ ।

चालू आर्थिक वर्षका लागि सुरुवाती विनियोजित बजेटको ८७ दशमलव ३८ प्रतिशत अर्थात् रु १५ खर्ब ३० अर्ब २६ करोड ६२ लाख खर्च गर्नेगरी संशोधित अनुमान गरिएको छ ।

सुरुवाती विनियोजनको तुलनामा चालू शीर्षकमा ८८ दशमलव ८४, पुँजीगत शीर्षकमा ८४ दशमलव १३ प्रतिशत र वित्तीय व्यवस्था शीर्षकमा ८७ दशमलव ३९ प्रतिशत खर्च हुने गरी अनुमान संशोधन गरिएको अर्थमन्त्री डा प्रकाशशरण महतले जानकारी दिनुभयो ।

चालु आर्थिक वर्षमा रू १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख खर्च हुने अनुमान गरिएकोमा रू १५ खर्च ३० अर्ब २६ करोड ६२ लाख खर्च हुने संशोधित अनुमान छ ।

चालूतर्फ रू १० खर्ब सात अर्ब ४५ करोड ४६ लाख अर्थात् विनियोजनको ८८ दशमलव २४ प्रतिशत, पूँजीगततर्फ रु दुई खर्ब ५४ अर्ब १३ करोड १९ लाख अर्थात् विनियोजनको ८४ दशमलव १३ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रू दुई खर्ब ६८ अर्ब ६७ करोड ९७ लाख अर्थात् विनियोजनको ८७ दशमलव ३९ प्रतिशत खर्च हुने अनुमान छ ।

चालु वर्षको अन्त्यसम्ममा सरकारको स्रोतबाट (राजस्व र आन्तरिक ऋण रू १३ खर्ब नौ अर्ब ३० करोड ८६ लाख, वैदेशिक अनुदानतर्फ रु ४० अर्ब १२ करोड नौ लाख र वैदेशिक ऋणतर्फ रू एक खर्ब ८० अर्ब ८३ करोड ६७ लाख खर्च हुने संशोधित अनुमान छ ।

अर्थतन्त्र सुधारका लागि सरकारले चालेका कदमले विस्तारै नतिजा देखाइरहेको भए पनि एकैपटक सुधार सम्भव नरहेको अर्थमन्त्री डा महतले स्पष्ट गर्नुभयो ।

न्यून राजस्व सङ्कलन र कमजोर बजेट खर्चको अवस्थामा अहिले पनि कायमै रहेको उहाँले बताउनुभयो । पुँजीगत खर्च अहिलेसम्म उत्साहजनक नदेखिए पनि अब खर्चको रफ्तार बढ्छ । धेरै नियम कानुन निर्माणका काम अघि बढेका छन् । कार्यविधि बनेर खरिद प्रक्रियामा जान लागेका छन्, अर्थमन्त्री महतले भन्नुभयो, गतवर्षको तुलनामा राजस्व बढेको छ तर यो सुरुवाति लक्ष्यभन्दा केही कम हो ।

चालू आर्थिक वर्षका सरकारले कुल रू १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट ल्याएको थियो । चालूतर्फ रू नौ खर्ब ४९ अर्ब ३३ करोड ५६ लाख पुँजीगततर्फ रू चार खर्ब ७१ अर्ब छ करोड ५८ लाख र वित्तीय व्यवस्थातर्फ रू तीन खर्ब ३० अर्ब ९१ करोड सात लाख बराबर बजेट छुट्याइएको थियो ।

चालू आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये राजस्वबाट रु १२ खर्ब ४८ अर्ब ६२ करोड रहने अनुमान गरिएको थियो । त्यस्तै, रु दुई खर्ब १२ अर्ब ७५ करोड वैदेशिक ऋण तथा रु दुई खर्ब ४० अर्ब आन्तरिक ऋण उठाउने र रु ४९ अर्ब ९४ करोड वैदेशिक अनुदानबाट स्रोत व्यहोर्ने अनुमान गरिएको थियो । रासस

# अझै २० प्रतिशत गरिबीको रेखामुनि

काठमाण्डु । नेपालमा अझै २० दशमलव २७ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेको तथ्याङ्क सार्वजनिक भएको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले आज यहाँसार्वजनिक गरेको 'नेपाल जीवनस्तर सर्वेक्षण चौथो २०७९/८०' मा २०७२ सालको भूकम्प र कोरोना महामारीलगायत कारणबाट अपेक्षित रुपमा गरिबीको दर घट्न नसकेको उल्लेख छ ।

सर्वेक्षणअनुसार गरिबीको दर सहरी क्षेत्रमाभन्दा ग्रामीण क्षेत्रमा बढी छ । सहरी क्षेत्रमा गरिबीको दर १८ दशमलव ३४ प्रतिशत र ग्रामीण क्षेत्रमा २४ दशमलव ६६ प्रतिशत छ ।

त्यस अवसरमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले गरिबी निवारणमा देशले गरेको प्रगति विश्वव्यापी कोरोना महामारी, प्राकृतिक विपद्लगायत कारणबाट मेटिन पुगेको बताउनुभयो ।

सात प्रदेशमध्ये चार प्रदेशमा राष्ट्रिय गरिबीको दर बढी छ । सर्वेक्षणअनुसार सुदुरपश्चिम प्रदेश (३४ दशमलव १६), कर्णाली प्रदेशमा (२६ दशमलव ६९), लुम्बिनी प्रदेशमा ( २४ दशमलव ३५ प्रतिशत) र मधेश प्रदेशमा (२२ दशमलव ५३ प्रतिशत) छ । गण्डकी प्रदेशमा (११ दशमलव ८८ प्रतिशत), बाग्मती प्रदेशमा (१२ दशमलव ५९ प्रतिशत), र कोशी प्रदेशमा ( १७ दशमलव १९ प्रतिशत) रहेको छ । रासस

# नेप्से परिसूचकमा दोहोरो अङ्कको वृद्धि

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार कारोबार मापक नेप्से परिसूचक १५ दशमलव ३३ अङ्कले उकालो लागेर दुई हजार एक सय एक दशमलव १६ मा उकालो लागेको छ ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव २४ अङ्कले उकालो लागेर तीन सय ७५ दशमलव ९९ मा पुगेको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये १२ उपसमूहको शेयर मूल्यमा उकालो लागेको छ भने एक उपसमूहको शेयर मूल्य ओरालो लागेको छ ।

कूल एक करोड एक लाख आठ हजार एक सय २२ कित्ता शेयर रु तीन अर्ब ५८ करोड ६९ लाख ८४ हजार एक सय २८ मूल्यमा कारोबार भयो । नेप्सेका अनुसार कारोबारका आधारमा हिमालयन रिइन्स्योरेन्स शीर्ष स्थानमा छ । सो कम्पनीको रु २३ करोड दुई लाख ३५ हजार चार सय ४९ बराबरको कारोबार भयो ।

यस्तै एनआरएन इन्फास्टकचर रु १६ करोड ३० लाख २५ हजार एक सय ७६, एनआइसी एशिया बैंक रु १३ करोड ७७ लाख ४७ हजार तीन सय ९८, नेपाल इन्स्योरेन्स रु ११ करोड ३७ लाख तीन हजार दुई सय ९४ र सोनापुर मिनरल्स रु १० करोड २७ लाख ११ हजार सात सय २८ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार बोटलर्स नेपाल बालाजु, समाज लघुवित्त, कुर्थली बुखरी स्मल हाइड्रोपावर, चिर्खवा हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । बलेफी हाइड्रोपावरका लगानीकर्ताले भने नौ दशमलव ९८ प्रतिशतले कमाएका छन् ।

यस्तै एनआइसी एशिया ग्रोथ फण्ड दोस्रो आठ दशमलव ८९, इमर्जिङ नेपाल तीन दशमलव ८६, मिड सिन्धु हाइड्रोपावर तीन दशमलव १८, सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ स्किम तेस्रो दुई दशमलव ७९ र एसबीएल डिवेञ्चरका लगानीकर्ताले दुई दशमलव शून्य सात प्रतिशतले गुमाएका छन् । रासस

# सरकार–निजी क्षेत्र साझेदारीमा जोड

विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले सरकार र निजी क्षेत्रबीच साझेदारी अपरिहार्य भएको बताउँदै देशको आर्थिक उन्नयनका निम्ति उद्यमी–व्यवसायीलाई सघाउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

नेपाल उद्योग वाणिज्य महासङ्घको आज यहाँ भएको छैटौँ प्रदेशसभा बैठकमा उहाँले सरकार र व्यवसायी एक–अर्काका परिपूरक भएकाले आपसी साझेदारी सहकार्यका आधारमा काम गर्नु आवश्यक भएको बताउनुभयो । मुख्यमन्त्री कार्कीले सबै उद्यमी–व्यवसायीले रोजगारी सृजना, राजश्व सङ्कलन तथा योगदानमा सहयोग गर्नुपर्ने तथा सरकारका तर्फबाट पनि उद्योग–व्यवसाय प्रवर्द्धनमा सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उद्योग, कृषि तथा सहकारीमन्त्री रामकुमार खत्रीले प्रदेशको समृद्धिका लागि निजी क्षेत्रका उद्यमीलाई साथमा लिएर अघिबढ्ने बताउनुभयो । महासङ्घका प्रदेश अध्यक्ष राजेन्द्र राउतले प्रदेश लगानी प्राधिकरणमा निजी क्षेत्रको अनिवार्य सहभागिताको व्यवस्था हुनुपर्नेमा जोड दिनुभयो । रासस

## बजेट अर्धवार्षिक समीक्षा

# 'सूचकमा सुधार, अर्थतन्त्र सकारात्मक'

काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले चालू आर्थिक वर्षको अर्धवार्षिक समीक्षा अवधिमा मुलुकको आर्थिक सूचकमा उल्लेख्य सुधार देखिएको तथा अर्थतन्त्र विस्तारै सप्रिँदै गएको थालेको बताउनुभएको छ ।

चालू आव २०८०/८१ को बजेट अर्धवार्षिक समीक्षा प्रतिवेदन सार्वजनिक गर्नुहुँदै अर्थमन्त्री महतले सुधारका लागि सरकारले थालेका प्रयासले नतिजा दिन थालेको बताउनुभएको हो । बजेट कार्यान्वयनको पहिलो छ महिनासम्मको समग्र स्थिति, कार्यान्वयनका क्रममा देखिएका समस्या, प्राप्त उपलब्धि तथा वित्त व्यवस्थापनमा देखिएका समस्यालाई समेटेर अर्थ मन्त्रालयले आज अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गरेको हो ।

"कोभिड-१९ को समयमा लिइएको खुकुलो मौद्रिक तथा वित्त नीतिका कारण बढ्दो आयात र उच्च कर्जा प्रवाह हुँदा विदेशी विनिमय सञ्चितिमा परेको चापलाई सम्बोधन गर्न लिइएको कसिलो मौद्रिक नीतिले गर्दा समग्र आर्थिक क्रियाकलापमा सुस्तता देखिएतापनि चालु आर्थिक वर्षको सुरुवातदेखि नै अर्थतन्त्र क्रमशः गतिमा फर्कदै गरेको अवस्था छ", अर्थमन्त्री महतले भन्नुभयो, "बजेट वक्तव्यमार्फत सुरुवात गरिएका नीतिगत, प्रणालीगत तथा प्रक्रियागत सुधारका प्रयासबाट सकारात्मक नतिजा देखिन थालेका छन् ।"

अर्थतन्त्र सुधारका लागि हालसम्म गरिएका प्रयासलाई संस्थागत र सुदृढ गर्दै आगामी दिनमा अझ बढी समन्वयात्मक ढङ्गले काम गर्ने अर्थमन्त्रीले बताउनुभयो । चालू आर्थिक वर्षमा राजस्व सङ्कलन लक्ष्यभन्दा केही कम भए तापनि गत वर्षको यही अवधिको तुलनामा छ दशमलव ५४ प्रतिशतले अधिक छ । सार्वजनिक खर्च प्रणाली र पूँजीगत खर्चमा प्रभावकारिता ल्याउन केही महत्वपूर्ण कामको थालनी भएको अर्थमन्त्रीले बताउनुभयो ।

"वास्तविक स्रोतको उपलब्धता विना नै विकास आयोजनाको लागि बहुवर्षीय ठेक्का सहमति दिने र अर्थ मन्त्रालयको सहमति बेगर बहुवर्षीय खरिद प्रक्रिया अगाडि बढाउने प्रवृत्तिको अन्त्य गरी स्रोत व्यवस्थापनलाई प्रभावकारी बनाउन र बजेट अनुशासन कायम गर्न आयोजनाको बहुवर्षीय ठेक्का सहमतिसम्बन्धी मापदण्ड, २०८० जारी गरिएको छ", उहाँले भन्नुभयो, "यो मापदण्डको कार्यान्वयनबाट आयोजना छनोटमा प्राथमिकीकरण हुने, कार्यान्वयनमा सहजता आउने, सार्वजनिक स्रोतको उपयोगिता बढ्ने, राष्ट्रिय गौरव, रुपान्तरणकारी तथा रणनीतिक महत्वका निर्माणाधीन ठूला आयोजनामा स्रोतको अभाव हुन नपाउने र तोकिएको समयमा आयोजना कार्यान्वयन भई सार्वजनिक स्रोतको उपयोगिता बढ्ने विश्वास लिएको छु ।"

अन्तर्राष्ट्रिय विकास सहायतातर्फ आवश्यकता र औचित्यका आधारमा मात्र ऋण परिचालन गर्न सुरु गरिएको अर्थमन्त्रीको दाबी छ । मौद्रिक नीतिलाई क्रमश : खुकुलो बनाइएको छ, सार्वजनिक संस्थान सुधारको कार्य अघि बढाइएको, निजीकरण समितिलाई क्रियाशील बनाइएकोलगायत सुधारका काम सरकारले गरिरहेको उहाँले बताउनुभयो ।

अनिवार्य दायित्व तथा सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानी रकममा तीव्र वृद्धि हुँदा खर्चमा चाप पर्न गएको छ । कार्यान्वयनको क्रममा रहेका आयोजनालाई पूर्णता दिने र स्रोत सुनिश्चित गरिएका आयोजनालाई आवश्यक रकम प्रस्ताव गरेर मात्र नयाँ आयोजना तथा कार्यक्रमको थालनी गरिने मन्त्री महतले जानकारी दिनुभयो ।

### छ महिनाको आर्थिक तथा वित्तीय स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार चालू आर्थिक वर्षको पहिलो त्रैमासमा कूल गार्हस्थ्य उत्पादन स्थिर आधारभूत मूल्यमा गत आवको यही अवधिको तुलनामा तीन दशमलव प्रतिशतले वृद्धि हुने अनुमान छ । चालु आव २०८०/८१ को पहिलो छ महिनामा देशको प्रमुख बाली धानको उत्पादन चार प्रतिशतले बढेको छभने गत आर्थिक वर्षको यसै अवधिमा छ दशमलव नौ प्रतिशतले बढेको थियो ।



चालू आवमा बैंकिङ क्षेत्रमा देखिएको तरलतामा सुधार, घट्दो ब्याजदर, शोधनान्तर स्थितिमा सुधार, वैदेशिक लगानी प्रतिबद्धतामा भएको वृद्धिले औद्योगिक क्षेत्रको सञ्चालनमा सकारात्मक प्रभाव परेको छ । आव २०८०/८१ को पुस महिनासम्ममा पाँच लाख ६० हजार विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन् । गत आवको यसै अवधिमा यो सङ्ख्या तीन लाख ८४ हजार मात्र थियो ।

चालू आवको प्रथम छ महिनामा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित औसत मुद्रास्फीति छ दशमलव ४७ प्रतिशत छ । गत पुसमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित वार्षिक बिन्दुगत मुद्रास्फीति पाँच दशमलव २६ प्रतिशत कायम रहेको छ ।

आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनामा विस्तृत मुद्राप्रदाय ६ दशमलव चार प्रतिशतले बढेको छ । अघिल्लो वर्ष सोही अवधिमा तीन दशमलव पाँच प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०८० पुस मसान्तमा विस्तृत मुद्राप्रदाय १४ दशमलव तीन प्रतिशतले बढेको छ ।

आव २०८०/८१ को पहिलो छ महिनामा कूल आन्तरिक कर्जा दुई प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा दुई दशमलव आठ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०८० पुस मसान्तमा यस्तो कर्जा आठ दशमलव छ प्रतिशतले बढेको छ । चालू आवको छ महिनामा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा जाने कर्जा चार प्रतिशतले वृद्धि भई रू ४९ खर्ब ९० अर्ब पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा तीन प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०८० पुस मसान्तमा यस्तो कर्जा चार दशमलव नौ प्रतिशतले बढेको छ ।

चालु आवको अर्धवार्षिक समीक्षा अवधिसम्म बैंक तथा वित्तीय संस्थाहरूले सङ्कलन गर्ने निक्षेप छ दशमलव छ प्रतिशतले वृद्धि भई रू ६० खर्ब ८७ अर्ब पुगेको छ ।

पुस मसान्तसम्म नेपाल राष्ट्र बैंकबाट स्थायी तरलता सुविधा र 'ओभरनाइट' तरलता सुविधामार्फत कूल रू पाँच खर्ब १५ अर्ब ११ करोड तरलता उपयोग भएको छ भने निक्षेप सङ्कलन बोलकबोलमार्फत रू तीन खर्ब १५ अर्ब ५५ करोड तरलता प्रशोचन गरिएको छ

२०७९ पुसमा बैंक तथा वित्तीय संस्थाहरू बीचको भारित औसत अन्तर बैंक दर सात दशमलव ५३ प्रतिशत रहेकोमा २०८० पुसमा दुई दशमलव ८६ प्रतिशत कायम भएको छ । गत पुस मसान्तसम्ममा धितोपत्र बजारमा सूचीकृत भएका कम्पनीहरूको सङ्ख्या दुई सय ७१ पुगेको थियो । यस अवधिमा रू २४ अर्ब ७८ करोड मूल्य बराबरका थप धितोपत्र सूचीकृत भएका छन् । यो अवधिमा बजार पूँजीकरण रू ३३ खर्ब ३० अर्व ७५ करोड रहेको छ ।

चालू आवको पुस मसान्तसम्ममा विप्रेषण आप्रवाह नेपाली मुद्रामा २५ दशमलव तीन प्रतिशतले वृद्धि भई रू सात खर्ब ३३ अर्ब २२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २४ दशमलव ३ प्रतिशतले बढेको थियो । यो अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालीको सङ्ख्यामा २४ दशमलव छ प्रतिशतले घटेर दुई लाख सात हजार नौ सय ७० जना कायम भएको छ ।

समीक्षा अवधिमा कूल वस्तु आयातमा तीन दशमलव एक प्रतिशतले घटेर रू सात खर्ब ६८ अर्ब १७ करोड कायम भएको छ । गत आवको सोही अवधिमा कूल वस्तु आयात २० दशमलव सात प्रतिशतले घटेको थियो । कूल वस्तु निर्यातमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा सात दशमलव दुई प्रतिशतले घटेर रू ७४ अर्ब ९७ करोड कायम भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निर्यातमा ३२ प्रतिशतले कमी आएको थियो । समीक्षा अवधिमा कूल वस्तु व्यापार घाटामा दुई दशमलव छ प्रतिशतले घटेर रू छ खर्ब ९३ अर्ब २० करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा १९ दशमलव दुई प्रतिशतले घटेको थियो ।

गत पुस मसान्तसम्ममा शोधनान्तर स्थितिमा उल्लेख्य सुधार भएको छ । अघिल्लो वर्ष रू ९२ अर्ब १५ करोड बचत रहेको शोधनान्तर स्थिति अहिले रू दुई खर्ब ७३ अर्व ५२ करोडले बचतमा रहेको छ । यही अवधिमा विदेशी विनिमय सम्पत्ति रू १८ खर्ब १६ अर्ब ५७ करोड कायम भएको छ, जुन गत वर्षको सोही अवधिको तुलनामा १८ प्रतिशतले बढी हो । यो सञ्चितिले १४ दशमलव ५ महिनाको वस्तु आयात र १२ दशमलव १ महिनाको वस्तु र सेवाको आयात धान्न सक्ने देखिएको छ ।

### बजेट खर्च र स्रोत परिचालन

चालू आव २०८०/८१ मा रू १७ खर्ब ५१ अर्व ३१ करोड २१ लाख बजेट विनियोजन गरिएकामा २०८० पुस मसान्तसम्म रू पाँच खर्ब ७३ अर्ब ६३ करोड २९ लाख खर्च भएको छ । यो कूल विनियोजनको ३२ दशमलव ७५ प्रतिशत हुन आउँछ । यसलाई चालु, पूँजीगत तथा वित्तीय व्यवस्थातर्फ खर्च वर्गीकरण गर्दा ३८ दशमलव ८० प्रतिशत, १६ दशमलव ७० प्रतिशत र २६ दशमलव ०६ प्रतिशत खर्च भएको देखिन्छ ।

समीक्षा अवधिमा सरकारको स्रोततर्फ रू पाँच खर्ब ३९ अर्ब ७७ करोड ९३ लाख खर्च भएको छ । यो खर्च गत आवको तुलनामा शून्य दशमलव १५ प्रतिशतले कम हो । वैदेशिक अनुदानतर्फ रू पाँच अर्ब ४० करोड ५४ लाख खर्च भई गत आर्थिक वर्षको तुलनामा २५ दशमलव १० प्रतिशतले न्यून खर्च भएको छ । वैदेशिक ऋण रू २८ अर्ब ४४ करोड ८२ लाख खर्च भएको छ ।

दीर्घकालीन आर्थिक दायित्व पर्ने विषयमा अन्य निकायबाट प्राप्त भएका एक सय ३० वटा ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्डमा अर्थ मन्त्रालयबाट राय तथा सहमति दिइएको जनाइएको छ । स्रोत सहमति माग गर्ने र स्वीकृत गर्ने प्रणालीमा सुधार गर्न आयोजनाको बहुवर्षीय ठेक्का सहमतिसम्बन्धी मापदण्ड, २०८० जारी गरी कार्यान्वयनमा ल्याइएको छ ।

इन्धनको प्रयोगको बढ्दो खर्चलाई व्यवस्थित गर्न सवारी साधन सुविधा प्राप्त कर्मचारीलाई इन्धनवापत नगद प्रदान गर्ने निर्देशिका, २०८० जारी गरी कार्यान्वयन ल्याइएको अर्थ मन्त्रालयले जनाएको छ ।

चालू आवको अर्धवार्षिक राजस्व प्राप्तिको अनुमान रू छ खर्ब ६८ अर्ब १६ करोड ८९ लाख रहेकोमा यो अवधिमा जम्मा रू ५ खर्ब १५ अर्ब ३९ करोड ७६ लाख राजस्व सङ्कलन भएको छ । यो रकम राजस्व प्राप्ति अनुमानको तुलनामा ७७ दशमलव १४ प्रतिशत र गत आवको यसै अवधिसम्मको सङ्कलन रू चार खर्ब ८३ अर्ब ७६ करोड पाँच लाखको तुलनामा करिब छ दशमलव ५४ प्रतिशतले अधिक हो । विद्युतीय सवारी साधनलाई प्रोत्साहन दिने नीतिगत व्यवस्थाले राजस्व सङ्कलन प्रभावित हुँदै गएको अर्थ मन्त्रालयले जनाएको छ ।

चालु आर्थिक वर्षमा सरकारले रू दुई खर्ब ४० अर्ब बराबरको आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य लिएकामा समीक्षा अवधिसम्म रू एक खर्ब २८ अर्ब ३१ करोड परिचालन भएको छ । सरकारले चालू आवमा रू दुई खर्ब ६२ अर्ब ६९ करोड २१ लाख वैदेशिक सहायता परिचालन गर्ने राखिएको छ । समीक्षा अवधिसम्म रू ५९ अर्ब ९७ करोड ८६ लाख सहायता प्राप्तिको प्रतिबद्धता प्राप्त भएको छ । विकास साझेदारबाट प्राप्त प्रतिबद्धतामध्ये अनुदान सहायता रू २० अर्ब २७ करोड ८६ लाख अर्थात् ३३ दशमलव ८ प्रतिशत र ऋण सहायता रू ३९ अर्ब ७० करोड अर्थात् ६६ दशमलव दुई प्रतिशत रहेको छ । रासस


रासस RSS

## राष्ट्रिय समाचार समिति
**केन्द्रीय कार्यालय**
**रासस्प्लाजा, काठमाडौँ**

## दरभाउपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशितमिति :– २०८०।११।०१)**

यस समितिको तपसिल बमोजिमको कार्य सिलबन्दी दरभाउपत्रबाट गराउनु पर्ने भएकाले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र इजाजत पत्र प्राप्त इच्छुक निर्माण व्यवसायीबाट समितिद्वारा वितरीत सिलबन्दी दरभाउपत्र फारामको शर्त, सुविधाहरूको अधिनमा रही रीतपूर्वकको दरभाउपत्र आव्हान गरिन्छ । फाराम खरिद गर्न फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, गत आवसम्मको कर चुक्ता प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ । दरभाउपत्र फारम तोकिएको म्याद भित्र देहायको कार्यालयमा दर्ता गर्नुपर्नेछ । विस्तृत जानकारीकालागि समितिको केन्द्रीय कार्यालय तथा देहायको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

| क्र. सं. | कामको विवरण | स्थान | कुल लगत इस्टिमेट रकम (मु.अ. कर सहित) रु. | धरौटी रकम रु | दरभाउपत्र खरिद दस्तुर रु |
|---|---|---|---|---|---|
| १. | कार्यालय भवन मर्मत सम्बन्धी कार्य | रासस मधेश प्रदेश कार्यालय, जनकपुरधाम, धनुषा ०४१-४२०११९, ०४१-५९०३१९ | १,५९,३३५।- | ५,०००।- | १,०००।- |

# जसपा मधेस प्रदेश कमिटीको अध्यक्षमा बालकिशोर



**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा)ले मधेश प्रदेश कमिटीको अध्यक्षमा बालकिशोर प्रसाद यादवलाई चयन गरेको छ ।

यसअघि रामबाबु यादवको अध्यक्षतामा रहेको कमिटी भंग गरेपछि अर्को अध्यक्ष चयन गर्ने जिम्मेवारी जसपाका केन्द्रीय अध्यक्ष उपेन्द्र यादवलाई दिएको थियो । उनले नै बालकिशोर यादवलाई अध्यक्षमा चयन गरेका छन् ।

पार्टीको नयाँ विधान अनुसार प्रदेश कमिटी ५१ सदस्यीय रहने छ । त्यसमध्ये १७ जना कार्यकारिणी सदस्य रहने प्रावधान रहेको छ । अध्यक्षसहित १७ जनाको कार्यकारिणी सोमबार नै गठन गरेको जसपा मधेश प्रदेश कमिटीका निवर्तमान कोषाध्यक्ष रेणु यादवले बताइन् ।

यस्तै कार्यकारिणी समितिको बैठक सुरु भएको र प्रदेश कमिटीको पदाधिकारी तथा अन्य सदस्यको बारेमा छलफल भइरहेको उनले बताइन् । अध्यक्ष बालकिशोर यादव स्वास्थ्य क्षेत्रमा अधिकृतको जागिरे थिए । २५ वर्षसम्म जागिर खाएका उनी हाल राजीनामा दिएर प्रदेश कमिटी अध्यक्ष भएका छन् ।

उनी यसअघि मधेशी स्वास्थ्यकर्मी फोरम नेपालको अध्यक्ष थिए । उनले सो पदबाट पनि राजीनामा दिएका छन् ।

त्यस्तै कार्यकारिणी समिति सदस्यहरुमा रामपृत पासवान, राम सेवक यादव, सुशिलकुमार यादव, ज्ञानेन्द्र प्रसाद यादव, अरुण कुमार देव, निरा कुमारी साह, दिनेशकुमार यादव, युसुफ अली, शैलेशकुमार साह, पुनीत राम, निर्मला यादव, रेणु यादव, रामअशिष यादव, अशोककुमार यादव, सिंहासनसाह कलवार, शेष अव्दुल कलाम आजाद रहेका छन् ।

त्यस्तै प्रदेश समिति सदस्यहरुमा प्रभाकर यादव, सुरेन्द्र यादव, कौशलेन्द्र यादव, छेदी यादव, मनोजकुमार यादव, सरिता सिपलीया, किशोरकुमार यादव, रुपलाल चौधरी, विना खड्का, धर्मेन्द्रकुमार यादव, ललिता देवी साह, अशोकुमार जयसवाल, अनीलकुमार यादव, विजय यादव, रामनरेश राय, मुजेवुल रहमान, विनोदकुमार यादव, राजनारायण यादव, किरण यादव, सविता यादव, शैलेन्द्रकुमार यादव, चन्देश्वर महतो, रामु महरा, राजकुमार यादव, विष्णुकुमार साह, सुनिता देवी मोची, सहिदा खातुन, किशोरी यादव, मदन चौहान, सन्तोषकुमार महतो, सन्चमाया मोक्तान, भोला पासवान र अभिशेक यादवलाई चयन गरिएको छ ।

बैठकवाट प्रदेश तदर्थ समिति/कार्यकारिणी समितिले आफ्नो बैठक गरी आफू मध्येबाट अध्यक्ष बाहेकका अन्य पदाधिकारी चयन गरी कार्यान्वयन गर्न सक्ने मधेश प्रदेशका इन्चार्ज मृगेन्द्रकुमार सिंह यादवले जानकारी दिएका छन् ।

त य स् त ै वृजमोहन तिवारीको अध्यक्षतामा १३ सदस्यीय समितिको सल्लाहकार समिति चयन गरिएको छ । सो समितिको सदस्यहरुमा हरिनारायण यादव, शिवशंकर यादव, परशुराम यादव, पवन व्याहुत, सोहन शर्मा, अवध भूषर्ण यादव, मकवुल अन्सारी, ईश्वरी प्रसाद यादव, रामअषिस यादव (रौतहट), बिजय यादव (सर्लाही), अजय पटेल (बारा) र मो. समसाद खाँ (सप्तरी)लाई चयन गरिएको छ ।

त्यस्तै प्रदेश अनुशासन आयोगको अध्यक्षमा महाराज यादवलाई चयन गरिएको छ ।

सो समितिको सदस्यहरुमा वीरेन्द्रप्रसाद यादव, पञ्चलो तामांग, राजीवकुमार यादव, विजय भगत, घनश्याम श्रेष्ठ र शत्रुधन मण्डललाई चयन गरिएको छ ।

त्यस्तै पैदेश लेखा परीक्षण आयोगको अध्यक्षमा अमृत साफीलाई चयन गरिएको छ । सो समितिको सदस्यहरुमा मो. अनवर हासमी, अतिश मिश्र, राजकुमार दास, दीपक यादव र ओम प्रकाश बैठालाई चयन गरिएको इन्चार्ज यादवले जानकारी दिएका छन् ।

# मापदण्ड मिचेर खोला उत्खनन

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको पश्चिमी भेगमा अवस्थित सुरुङ्गा नगरपालिकाको विभिन्न खोलाबाट मापदण्ड मिचेर अवैध उत्खनन भइरहेको छ ।



स्थानीयवासीले खबर गरेपछि सोमबार स्थलगत अनुगमन गर्न टोली पुगेपछि खोलामा रहेका दर्जनौं ढुवानीका साधन जतातते उत्खनन गरिरहेका थिए । टोलीलाई देखेपछि कतिपय ढुवानीका साधन लिएर चालक भागेका थिए ।

स्थानीयका अनुसार सुरुङ्गा नगरपालिकाको चुरे क्षेत्रका शिशुवारी, चहका र बलान खोलाबाट मापदण्ड विपरीत ढुंगागिट्टी र बालुवा झिकेर तस्करी भइरहेको छ । अत्यधिक दोहनले खोलाका मुहान सुक्दै गएको छ भने वातावरणमा समेत नकारात्मक प्रभाव परिरहेको विज्ञहरुको भनाइ छ ।

सुरुङ्गा नगरपालिका भित्र पर्ने नदीहरूबाट नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्न चालु आव २०८०/८१ का लागि संघर्ष निर्माण सेवा उदयपुरले १ करोड २५ लाख ९९ हजार ९ सय ९९ मा ठेक्का पाएको छ । नगरपालिका सँग ठेक्का लिँदा गरिएको सम्झौतामा बलान खोलाबाट प्रतिदिन १ हजार ६ सय, चहका खोलाबाट ५ हजार २ सय ६० तथा शिशुवारी खोलाबाट २ हजार ७ सय घनफिट मात्र नदीजन्य पदार्थको उत्खनन गर्न पाइने उल्लेख छ । तर ठेकेदारले ट्याक्टर र ट्रकमार्फत तोकेको भन्दा दोब्बर घनफिट बालुवा गिट्टी झिकेर लैजाने गरेको स्थानीयको भनाइ छ ।

यस्तै सम्झौतामा सूर्योदय देखि सूर्यास्तसम्म मात्र बालुवा गिट्टी झिक्न पाइने र घाटगदी गरेपश्चात मात्र लिएर जानुपर्ने उल्लेख भए पनि सो प्रक्रिया पूरा नगरी रातिको समयमा समेत उत्खनन र ढुवानी गर्ने गरेको स्थानीयवासी शंकर चौधरीले बताए ।

आफूहरू यसबारे ठेकेदार, नगरपालिका र स्थानीय प्रशासनको ध्यानाकर्षण गराए पनि कुनै सुनुवाई नभएको उनले सुनाए । यसरी नै खोला दोहन भइरहने हो भने वर्षायाममा बस्ती डुवान तथा अन्य बेला पानीको हाहाकारको जोखिम बढ्दै जाने उनको कथन छ । यसका अतिरिक्त खेतीपातीमा समेत समस्या हुन थालेको उनको भनाइ छ ।

केही वर्षअघिसम्म ढुङ्गा र बालुवाले भरिभराउ शिशुवारी, चहका र बलान खोलाको बगर अहिले रित्याइएको देखिन्छ । एकातिर मापदण्ड विपरीत उत्खनन अर्कोतिर खोला छेउमै बालुवा प्रशोधन केन्द्रको नाममा क्रसर उद्योग नै सञ्चालनमा ल्याएर ठेकेदार र व्यवसायीले चुरेको कमजोर धरातल उधिनेर थप कमजोर बनाउँदा पनि सम्बन्धित निकायको ध्यान जान नसक्नु दुखद भएको स्थानीयहरुको भनाइ छ । नेपाल सरकारले चुरे संरक्षणलाई उच्च प्राथमिकतामा राखेर वर्षेनी करोडौं रकम खर्च गरे पनि माफियाहरूकै कारण यो प्रभावहीन देखिएको तथा यसले वातावरणमा नकारात्मक असर पार्नुका साथै आसपासका बस्तीलाई समेत जोखिममा पार्ने काम भइरहेको उनीहरुको कथन छ ।

यस विषयमा सुरुङ्गा नगरपालिकाका उपप्रमुख रुद्रबहादुर कार्कीसँग जिज्ञासा राख्दा उनले मापदण्ड विपरीत उत्खनन भइरहेको बारे अनभिज्ञता प्रकट गर्दै गुनासो आइसकेपछि नियन्त्रणमा अब कडाईका साथ लाग्ने जनाए । ठेकेदार र क्रसर व्यवसायीले स्थानीय सरकारको मिलोमतोमा अवैध उत्खनन गरिरहेको स्थानीयको आरोपलाई अस्वीकार गर्दै उनले त्यस्तो कुनै मिलोमतो नरहेको दाबीका साथ सोको अनुगमन गरी कडाईका साथ अघि बढ्ने प्रतिबद्धता समेत जनाए ।

स्थानीय सरकार र प्रहरीको आँखा छल्दै चुरेसँग जोडिएको खोलाहरूबाट मापदण्ड विपरीत जथाभावी ढुङ्गा, बोल्डर र गिटी उत्खनन र अत्यधिक दोहनले खोलाहरूको मुहान सुक्दै जानुको साथै प्राकृतिक सम्पदाको विनाशले वातावरणमा समेत नकारात्मक असर पर्ने भन्दै स्थानीयले अविलम्ब यसको नियन्त्रणका लागि सम्बन्धित निकायले ध्यान दिनुपर्ने माग गरेका छन् ।

# शंकास्पद मृत्यु भएको भन्दै छानबिनको माग

**टुडे समाचारदाता**

राजविराज । कारागारको शौचालयभित्रझुण्डिरहेकोअवस्थामा फेला परेको हनुमाननगर कंकालिनी नगरपालिका ६ का देवेन्द्र मण्डलका आफन्तले उक्त घटना शंकास्पद र रहस्यमय रहेको भन्दै छानबिनको माग गरेका छन् ।




सोमबार सदरमुकाम राजविराजमा प्रदर्शन गर्दै मण्डलका आफन्तले यस्तो माग गरेका छन् । १९ वर्षीय मण्डलको मृत शरीर अघिल्लो दिन आइतबार एका बिहान कारागारको ‘क’ ब्लकमा रहेको शौचालय भित्र फेला परेको थियो । हातमा प्रेमिकाको नामसँगै आइ लभ यु तथा सरी लेखेर घाँटीमा गम्छाको पासो लगाई झुण्डिएको अवस्थामा फेला परेको उनको मृत शरीर तत्कालै आवश्यक प्रक्रिया पश्चात पोस्टमार्टमका लागि स्थानीय गजेन्द्र नारायण सिंह अस्पताल पुर्‍याइएको थियो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवम् डिएसपी ढुण्डिराज न्यौपानेले घटनास्थलको प्रकृति तथा प्रारम्भिक अनुसन्धानले आत्महत्या नै गरेको देखिएको बताए । यद्यपि पोस्टमार्टम रिपोर्ट आएपछि सो बारे थप विवरण सार्वजनिक गरिने उनको भनाइ छ ।

निमित्त जेलर सदानन्द दासले कुनै केटी साथीको विषयलाई लिएर मण्डल केही दिन यता तनावमा रहँदै आएको आफूले कैदी बन्दीहरूबाट सुनेको बताए । यद्यपि ती केटी साथी को हुन् भन्ने बारे आफूलाई कुनै जानकारी नरहेको उनको भनाइ छ ।

आइतबार एका बिहान शौचालय गएका मण्डल निकै बेरसम्म बाहिर ननिस्केपछि ढोका खोल्ने प्रयास भयो, तर भित्रैबाट चुकुल लागेको बुझिएपछि शंका लागेर प्रहरी र मण्डलका आफन्तलाई खबर गर्‍यौ जेलर दासले भने-‘त्यसपछि सबैको उपस्थितिमा ढोका फोडेर हेर्दा मण्डल झुन्डिएको अवस्थामा फेला पर्यो ।’

जेलर दासका अनुसार मण्डल गत साउन १३ गते १५ वर्षीय बालिकाको अपहरण तथा बलात्कार गरेको आरोपमा पुर्पक्षका लागि माघ २१ गतेदेखि राजबिराज कारागारमा थिए ।

मृतकका आफन्तले भने प्रेम सम्बन्ध स्वीकार नगरेका केटीका अभिभावकले अपहरण तथा बलात्कारको झुठो आरोप लगाएर फसाएको तथा षडयन्त्र गरेर कारागार भित्र हत्या गराएको दाबी गरेका छन् ।

मृतकका आमा अनितादेवी मण्डलका अनुसार देबेन्द्रको सोही वडाकी एक केटीसँग प्रेम सम्बन्ध थियो । प्रेम गहिरो भएपछि उनीहरु भागेर प्रेम विवाह समेत गरेका थिए । तर, केटीका अभिभावकले उक्त प्रेम विवाहलाई अस्वीकार गर्दै प्रहरीमा अपहरण तथा बलात्कारको झुठो उजुरी दिई फसाएको उनको भनाइ छ । छोरा कारागार चलान भएपछि पनि केटी पटक पटक आफू र छोरालाई कारागारमा समेत गई भेटेको-बोलेको उनले सुनाइन् । केटीले सधै देवेन्द्रसँग नै बस्ने इच्छा जाहेर गर्ने गरेको उनको कथन छ ।

यसबारे केटीका अभिभावकले थाहा पाएपछि आफू र छोरालाई डरत्रास र धम्क्याउन थालेपछि छोरा झन तनावमा परेको उनले सुनाईन् । उमेर नपुगि दुबै जनाले प्रेम विवाह गरेकाले कानुनी व्यवस्थाको निहुँमा केटीका अभिभावकले झुठो उजुरी दिएको परिवारजनको दाबी छ ।

यसैबीच दुई दिनदेखि स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा राखिएको मण्डलको शव उनका आफन्तको अनुरोध अनुसार सोमबार साँझ पोष्टमार्टमका लागि धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको प्रहरीले जनाएको छ ।

## छ महिनामा एक करोड राजस्व संकलन

**टुडे समाचारदाता**

वीरगञ्ज । जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्सा वीरगञ्जले चालु आर्थिक वर्षको छ महिनाको अवधिमा एक करोड रुपैयाँभन्दा बढी राजस्व संकलन गरेको छ । ट्राफिक नियम उल्लंघन गरी चलाउने सवारी चालक तथा सवारी साधनमाथि कारबाही गरी चालु आवको साउनदेखि पुस मसान्तमा एक करोड दुई लाख ५१ हजार राजस्व सङ्कलन गरेको छ ।

सो अवधिमा विभिन्न किसिमका १० हजार आठ सय २० सवारीमाथि कारबाही गरी सो राजस्व संकलन गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी निरीक्षक भाष्कर खतिवडाले जानकारी दिए । यस्तै सो अवधिमा पर्सा जिल्लामा भएको तीन सय २६ सवारी दुर्घटनामा २७ जनाको मृत्यु भएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका अनुसार यस अवधिमा भएका सवारी दुर्घटनामा परी ७५ जना गम्भीर घाइते भएका छन् ।

गत आव २०७९/८० मा जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साले ट्राफिक नियम उल्लंघन गरी चलाउने सवारी चालक तथा सवारी साधनमाथि कारबाही गरी तीन करोड ४२ लाख ६५ हजार राजस्व संकलन गरेको थियो ।

यो अघिल्लो आव २०७८/०७९ को तुलनामा २१ प्रतिशतले बढी भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साले जनाएको छ । अघिल्लो आव २०७८/७९ मा सो कार्यालयले दुई करोड ८५ लाख २१ हजार पाँच सय राजस्व संकलन गरेको थियो । ट्राफिक चेकजाँचमा गरिएको कडाइका कारण राजस्व संकलनमा वृद्धि भएको प्रहरी निरीक्षक खतिवडाको भनाइ छ । सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साले जनचेतनामूलक कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ ।

# सुगाको अवैध व्यापार

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको धनुषाधाममा कानुनले निषेध गरेको सुगाको व्यापार निर्बाधरूपमा भइरहेको छ । तराई क्षेत्रबाट समेत लोपजस्तै भइसकेको तथा कानुनले वर्जित गरेको सुगाको अवैध व्यापार धनुषाधाममा भइरहेको छ ।



सुगाको व्यापारमा संलग्न अधिकांश भारतीय रहेका छन् । पिँजडामा राखेर सुगा बेच्दैगरेका एक सुगा व्यापारीले छ सयदेखि आठसय रुपैयाँमा एउटा सुगा बेच्नेगरेको बताए । नाम ठेगाना बताउन नचाहेका ती व्यापारीले भारतको बिहारबाट सुगा ल्याएर यहाँ बिक्री गरिरहेको जानकारी दिए ।

नेपालमा सुगाको व्यापारमा प्रतिबन्ध लगाइएको कुरा थाहा रहेको बताउँदै ती व्यापारीले अहिलेसम्म रोकटोक गर्न कोही नआएको बताए । स्थानीय दुर्योधन महतोले माघ महिनाको प्रत्येक आइतबार लाग्ने मकर सङ्क्रान्ति मेलाका दिन छ-सात जना भारतीय व्यापारी यहाँ सुगा बेच्न आउनेगरेको बताए ।

मेला सुरक्षार्थ खटिएका प्रहरी र नजिकै रहेको वन कार्यालयका कर्मचारीले सुगाको अवैध व्यापारलाई रोक्ने प्रयास नगरेको उनको भनाइ छ । चराचुरुङ्गी तथा वन्यजन्तु संरक्षणका क्षेत्रमा कार्यरत मिथिला वाइल्ड लाइफ ट्रस्ट धनुषाका अध्यक्ष देवनारायण मण्डलका अनुसार सरकारले २०६८ मा जारी गरेको पन्छीपालन नीतिअनुसार कुखुरा, हाँस, बट्टाई, लौकाट, टर्की, परेवा, अस्ट्रिज, कालिज र च्याखुरा मात्र पालन गर्न पाइन्छ ।

अन्य चराहरू पाल्न नपाइने कानुनमा व्यवस्था छ । नीतिमा उल्लेख भए बाहेकका चराको व्यापार व्यवसाय गरेमा कानुनअनुसार कारबाही हुने व्यवस्था रहेको उनले बताए । ऐनमा वन्यजन्तुको अवैध व्यापारमा संलग्न हुने व्यक्तिलाई अधिकतम १० लाख रुपैयाँसम्म जरिवाना वा १५ वर्षसम्म कैद वा दुवै सजायको प्रावधान राखिएको छ ।

कानुनी प्रावधान कार्यान्वयन गर्न नेपालमा निकुञ्ज विभाग, वन विभाग र मातहतका कार्यालय, डिभिजनल वन कार्यालय र प्रहरीलाई जिम्मेवारी तोकिएको छ । यद्यपि बाघ, गैँडा, हात्तीको अवैध व्यापार नियन्त्रणको दाँजोमा अवैध चरा व्यापार नियन्त्रण कार्य ओझेलमा परेको अध्यक्ष मण्डलले बताए । पिँजडामा चरा पाल्नेहरूका कारण सुगाको अवैध व्यापार निरुत्साहित हुन नसकेको उनको भनाइ छ ।

डिभिजन वन कार्यालय धनुषाका डिभिजलन प्रमुख बेचन चौधरीले सुगाको व्यापार कानुनको बर्खिलाप भएको बताउँदै त्यस्तो कारोबारीलाई नियन्त्रणमा लिएर कारबाही गरिने बताए ।

आवश्यकता
जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।
कम्प्युटर अपरेटर - १ (एक) जना
सम्पर्क
जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.
जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५




सुरक्षितरूपमा वैदेशिक रोजगारमा जाऔं ।
- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृति लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसंग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८